**विज्ञापन आचारसंहिताको पालना गरौं ।**
विज्ञापन आचारसंहिताले
- विज्ञापन बोर्डमा सूचीकृत सञ्चारमाध्यम र विज्ञापन एजेन्सीसँग मात्र विज्ञापन कारोबार गर्ने व्यवस्था गरेको छ ।
- विज्ञापन कारोबार गर्ने सञ्चारमाध्यम र विज्ञापन एजेन्सी विज्ञापन बोर्डमा सूचीकरण गरौं ।

विज्ञापन व्यवसायलाई स्वच्छ र पारदर्शी बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
राष्ट्रिय 'क' वर्ग
# प्रतीक दैनिक
eprateekdaily.com

Kirloskar Oil Engines
डिजल पम्प
रोटाभेटर
अधिकृत बिक्रेता:
महाकाली इन्टरनेशनल प्रा.लि.
मुर्ली, वीरगंज-१३, पर्सा
मो: ९८५५०२२५८०

❖ वर्ष ३५ ❖ २०७९ साउन ०६ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 July 22 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३२४

## किसानलाई राहत: पानी पर्‍यो, मल पनि आयो

ओमप्रकाश चौधरी, नितेश कर्ण, ५ साउन/

बुधवार साँझदेखि पर्सा जिल्लामा पानी परेको कारण किसानहरू हर्षित भएका छन्। असार महीनाभरि छिटपुट मात्र पानी परेको कारण धानको बीउ रोप्न नसकेका र केहीले वैकल्पिक सिंचाइबाट रोपेको बीउ नष्ट हुने क्रममा हिजो परेको पानीले राहत पुर्‍याएको छ।

बुधवार साँझदेखि बिहीवार निरन्तर पानी परिरहेको कारण किसानहरूले धमाधम धान रोपाइँ शुरू गरेका छन्। पर्सा जिल्लाका १४ वटै पालिकामा धान रोपाइँ जोडसोडका साथ शुरू भएको छ। आकाशे पानीको भरमा धानखेती गर्नेहरू हिजो साँझदेखि धान रोप्ने तयारीमा जुटेका छन्। आज खेतहरूमा किसानहरूले पानी परिरहेकै बेला हर्षित भएर धानको बीउ रोपेका छन्। पानी परेपछि सबैजनाले एकैपटक धानको बीउ रोप्नुपर्दा अहिले कृषि मजदूरको अभाव भएको छ। किसानहरू एकापसमा मिलीजुली एकअर्कालाई सघाउँदै रोपाइँ गरिरहेको पाइएको छ।

धानको बीउ रोपिसकेका किसानहरू अहिले खेतमा गोडमेल गर्न जुटेका छन्। पानी नपर्दा दुई साता बढी समयदेखि किसानहरू चिन्तित थिए। उनीहरूले रोपेको धानको बीउ घामले नष्ट हुने क्रममा थियो र खेत पनि धाजा परेर फाटेको थियो।

यसैबीच, किसानहरूलाई थप राहत पुगेको छ। मलको अभाव झेलिरहेका किसानहरूलाई अहिले साल्ट ट्रेडिङ कम्पनीमा मल आइपुगेको समाचारले हर्षित बनाएको छ। साल्ट ट्रेडिङ, वीरगंजमा डेढ लाख बोरा युरिया र डिएपी मल आइपुगेको छ। यो कार्यालयले पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, मकवानपुर र काठमाडौंसम्मका किसानहरूलाई मल पुर्‍याउने गर्छ।

वर्षासँगै मल आएको खबरले किसानहरूलाई राहत पुगेको छ। कृषि सामग्री कम्पनी, वीरगंजमा पनि आजभोलिमैं मल आउने बताइएको छ। विदेशबाट कोलकाता बन्दरगाह भएर नेपाल सरकारले मल मगाएको छ। मल आयातमा ७० प्रतिशत हिस्सा कृषि सामग्री कम्पनीको छ भने ३० प्रतिशत साल्ट ट्रेडिङको छ।







### पर्सामा ४२ प्रतिशत रोपाइँ

कृषि ज्ञान केन्द्र, पर्साले साउन ४ गतेसम्म पर्सा जिल्लामा ४२ प्रतिशत रोपाइँ भएको जनाएको छ। आकाशे सिंचाइको भरमा रहेका किसानहरूले पानी ढिलो पर्दा रोपाइँ गर्न नसकेको सो कार्यालयले जनाएको छ।

पर्सा जिल्लाका उत्तरी तथा पश्चिमी भेगमा ४२ प्रतिशत रोपाइँ सम्पन्न भएको र बुधवार साँझदेखि परेको पानीले रोपाइँ वृद्धि हुने केन्द्रले जनाएको छ। सो कार्यालयले यथावस्थामा पानी परेको खण्डमा दश दिनभित्र ७५ प्रतिशत रोपाइँ सकिने बताएको छ।

## ठोरीमा यस वर्ष पनि बाढीको जोखिम

चिरञ्जीवी सापकोटा, ठोरी, ५ साउन/

ठोरी गाउँपालिका–२ ठोरी बजारमा बाढीको जोखिम बढेको छ। बुधवार साँझदेखि भएको वर्षाका कारण ठुटेखोलामा बाढी आएको र त्यसले जोखिम बढाएको छ। खोलाको पश्चिमतर्फ क्षति पुर्‍याउन शुरू गरेको छ।

वीरगंज–ठोरी हुलाकी राजमार्गमा पर्ने ठोरी बजार क्षेत्रलाई बाढीले क्षति पुर्‍याउने सम्भावना बढेको छ। ठोरीको पर्यटकीय गन्तव्य राईधारा, गणेशमान पार्कलगायत क्षेत्र पनि बाढीको चपेटामा पर्ने जोखिम छ।

हुलाकी सडक र ठुटेखोलाको दूरी एक मिटर मात्र छ। रातिदेखि पानी परेर खोलामा पानीको सतह बढेपछि स्थानीय बजारका मानिसहरू रातभरि सुत्न सकेनन्। स्थानीय सुनील लामाले बुधवार राति भारी वर्षासँगै खोलामा पानीको सतह बढेपछि रातभरि निद्रा नलागेको बताए।

गत वर्षको असारमा यसै क्षेत्रमा नदी नियन्त्रण गर्न भनि दुई/दुई पटक समिति निर्माण गरी कार्य थालनीको सम्झौता भएको तर राष्ट्रिय निकुञ्जका कारण काम हुन नसकेको स्थानीयले बताएका छन्। गत वर्ष बाढीको कहर ठोरीवासीले झेल्नुपरेको थियो र यस वर्ष त्यस्तो नहोस् भनेर निर्माण समिति बने पनि काम हुन नसक्दा अहिले पानी परेको बेलामा बाढीको प्रकोप हुने भन्दै स्थानीयलाई चिन्तित बनाएको छ।

गएरातिको वर्षाका कारण ठोरी गापा–१ र २ मा पर्ने ढेडु खोलामा आएको बाढीका कारण बिहीवार ठोरी–नारायणगढ चल्ने यात्रीवाहक सार्वजनिक सवारीसाधनको सेवा ठप्प रह्यो। बाढीको कारण ठोरीबाट नारायणगढको लागि छुटेको यात्रीवाहक बस दिनभरि ढेडुखोला तर्न नसकेर फर्केको चालक रञ्जीत थापाले बताए। उनले ठोरी–माडी सडकखण्डमा पर्ने चितवन राष्ट्रिय निकुञ्जभित्रको सडकमा रूख ढलेर बाटो अवरुद्ध भएकोले सेवा प्रभावित भएको बताए। कतिपय सवारीसाधन बीच जङ्गलमा अलपत्र अवस्थामा रहेको उनले बताए।



ढेडुखोलामा आएको बाढीले कटान गर्दै। तस्वीर: प्रतीक

वर्षाको कारण ठोरीका सहायक सडकहरूलाई समेत क्षति पुगेको छ भने केही सामुदायिक र निजी विद्यालयहरूको पहिलो त्रैमासिक परीक्षालाई पनि बाधा पुर्‍याएको छ।

यसैबीच, सशस्त्र प्रहरीले बिहीवार ढेडुखोलाले बगाएको अवस्थामा एकजनालाई उद्धार गरेको छ। मान्छे बगाएको खबर स्थानीयले गरेपछि उद्धार गरिएको बिओपी ठोरीका सशस्त्र प्रहरी निरीक्षक शङ्कर कोइरालाले बताए। उनले उद्धार गरिएका व्यक्ति भारतीय नागरिक भएको जानकारी गराएका छन्।

## सुक्खा बन्दरगाहले लक्ष्य पूरा गरेन

नितेश कर्ण, वीरगंज, ५ साउन/

सुक्खा बन्दरगाह भन्सार कार्यालयले लक्ष्यको ९४.९८ प्रतिशत राजस्व सङ्कलन गरेको छ।






प्रवक्ता सन्तोष न्यौपाने

सुक्खा बन्दरगाह भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत जयबहादुर भण्डारीले लक्ष्यनजीक राजस्व सङ्कलन भएको बताए।

उनले आव २०७८/७९ मा रु ५२ अर्ब ४ करोड ९९ लाख ११ हजार राजस्व सङ्कलनको लक्ष्य रहेकोमा असार मसान्तसम्म रु ४९ अर्ब ४३ करोड ६५ लाख ४४ हजार सङ्कलन भएको बताए। उनले यो राजस्व सङ्कलन ९४.९८ प्रतिशत रहेको जनाएका छन्।

आव २०७७/७८ मा भने ७२.६६ प्रतिशत मात्र राजस्व सङ्कलन भएको थियो।

यसैबीच, गत जेठ १३ गते दुबईबाट भारतसम्म जहाजमा र भारतबाट रेलमार्ग भई वीरगंज आइपुगेको एक हजार ७७४ बोरा मासको दालको कन्टेनरमा फेला परेको चार सय कार्टुन (५० लाख खिल्ली) विदेश चुरोट सम्बन्धमा हालसम्म कारबाई अगाडि बढिरहेको र आयातकर्ताको खोजी भइरहेको सुक्खा बन्दरगाहका सूचना अधिकारी सन्तोष न्यौपानेले बताए। उनले कालिका इन्टरप्राइजेज, काठमाडौंले आयात गरेको र सोको भन्सार क्लियरिङ एजेन्टलाई भने कारबाई प्रक्रियामा ल्याएर निजको लाइसेन्स खारेज गरेको जानकारी गराए।

सुक्खा बन्दरगाह भन्सार कार्यालयले यो प्रकरणमा आयातकर्तालाई रु १०

(बाँकी अन्तिम पातामा)

## टेलिकममा २१ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, ५ साउन/

नेपाल टेलिकम वर्कर्स युनियनको प्रादेशिक समितिले वीरगंजमा रक्तदान कार्यक्रम आयोजना गरेको युनियनका अध्यक्ष पुरन साह कानूले बताए। उनकै अध्यक्षतामा भएको कार्यक्रममा मन्दिरा खड्का, विशाल चौधरी, श्रीकान्त तिवारी, सुवर्ण बस्ताकोटी, रामबाबू सिंह, केशवलाल पटेल, विकाश साहलगायतले रक्तदान गरेको प्राविधिक घिमिरेले बताइन्।




युनियनको वार्षिकोत्सवमा मधेस वार्षिकोत्सवमा बिहीवार सम्पन्न रक्तदान कार्यक्रममा एकजना महिलासहित २१ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र, वीरगंजकी प्राविधिक डिल्लीमाया घिमिरेले बताइन्।

## बैद पुनः सद्भावना दूत नियुक्त

प्रस, वीरगंज, ५ साउन/

वीरगंज महानगरपालिकाले नेपाल–भारत सहयोग मञ्चका राष्ट्रिय अध्यक्ष अशोक बैदलाई सद्भावना दूत नियुक्त गरेको छ।

वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले उद्योगी तथा समाजसेवी बैदलाई बिहीवार सद्भावना दूतमा पुनः नियुक्त गरेका हुन्।

बैदलाई महानगरपालिकाको नगरसभाको पहिलो अधिवेशनको निर्णयबाट सद्भावना दूतमा नियुक्त गरिएको हो।



वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्षसमेत रहिसकेका बैदको समाजसेवाप्रति लगावको मूल्याङ्कन गर्दै महानगरको ११औं अधिवेशनबाट सद्भावना दूतमा पुनः नियुक्त गरिएको नगरप्रमुखका स्वकीय सचिव सत्यराज घिमिरेले बताए।

## विवरण ढाँटेर नागरिकता लिन खोज्ने पक्राउ

प्रस, वीरगंज, ५ साउन/

इलाका प्रशासन कार्यालय, सुपौलीले विवरण ढाँटेर नागरिकता लिन खोजेको आरोपमा एकजनालाई पक्राउ गरेको छ। जगरनाथपुर गाउँपालिका–५ मसिहानी निवासी मीर हसनले पत्नीको नागरिकता बनाउने क्रममा ससुराको विवरण ढाँटेर नागरिकता लिन खोज्दा निजलाई पक्राउ गरेर प्रहरीको जिम्मा लगाएको इप्रका, सुपौलीले जनाएको छ।

मीर हसनका ससुरा वीरगंज महानगर–१ छपकैया निवासी भएको र उनले जन्मको आधारमा नागरिकता लिएकोमा प्रतिलिपिमा वंशज बनाएर पत्नीको नागरिकता बनाउन खोज्दा पक्राउ परेका थिए।

तथ्याङ्कमा मीर हसनका ससुराको नागरिकता जन्मसिद्ध रहेको र उनले भरेको फाराम र पेश गरेको नागरिकताको प्रतिलिपिमा वंशज लेखिएको पाइएकोले निजलाई पक्राउ गरेको बताइएको छ।

## विचारसार र सूक्तिहरू

म कसैको पछि लाग्दिनँ । यदि कोही मसँग समय बिताउन चाहन्छ भने मलाई आपत्ति हुँदैन, अन्यथा म आफूमैं सन्तुष्टि अनभूत गर्छु ।


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: eprateekdaily.com


## वीरगंज

कङ्क्रिटका घरहरू दिनानुदिन थपिंदै छन् । अव्यवस्थित शहरीकरण । गुल्जार होइन, अतिक्रमणका कारण सडकहरू साँघुरा छन् । सार्वजनिक चोक, चौर, पोखरी, नदी, तलाउ र कुलाहरू एकादेशको कथा भैसके । भूकम्प जस्ता दैवी प्रकोपको बेला सुरक्षित खुल्ला स्थान छैन । आपत्विपत पर्दा एम्बुलेन्स, वारुण यन्त्र, सुरक्षाकर्मीको सवारी पुग्न सक्ने सडक अभाव छ । विवाहको बेला दुलहाको सवारी कताबाट चलाउने हो चिन्ता हुन्छ । बाहिरबाट सवारीसहित आउने पाहुनालाई 'मेनरोडतिरै पार्किङ खोजेर राख' भन्नुपर्ने अवस्था छ। हिजोको वीरगंज र आजको वीरगंजमा आकाश–पातालको फरक छ । उ बेला मुलुकका तत्कालीन ७५ वटै जिल्लाका ऊर्जाशील युवाहरूको गन्तव्य सूचीमा वीरगंज थियो । ठाकुर राम बहुमुखी क्याम्पसमा अध्ययन गर्न मेचीदेखि महाकालीसम्मका विद्यार्थी लालायित हुन्थे । केहीपछि हरि खेतानको रात्रि क्याम्पस र महिला कलेजले उत्तिकै विद्यार्थी आकर्षित गरेको थियो । तिनताका सीमित शैक्षिक संस्था छँदा पनि वीरगंज शिक्षाको गन्तव्य थियो । आज त्यो अवस्था रहेन । चिनीमिल र कृषि औजार सञ्चालनमा रहँदा वीरगंज औद्योगिक पर्यटनको हब थियो । त्यसअघि रक्सौल–अमलेखगंज छोटी लाइन रेलवे सञ्चालन र वीरगंज सिगरेट फ्याक्ट्री सञ्चालनमा रहँदा मुलुकवासी साथै भारतीयहरूका लागि समेत गन्तव्यको सूचीमा रह्यो ।

केही दशक पहिलेसम्म नेपाली साहित्य, गीत–सङ्गीत र खेलकूदको क्षेत्रमा वीरगंजलाई उर्वर भूमिकै रूपमा मानिन्थ्यो । कला, साहित्य तथा खेल पर्यटनको क्षेत्रमा उत्साहजनक सफलता हासिल गरिसकेको वीरगंजको आजको स्थिति दयनीय छ । बाहिरका आउन छाडे, कम्तीमा जिल्लाभित्र तत्कालीन ८२ वटा स्थानीय निकायका बासिन्दालाई जिल्ला सदरमुकाम वीरगंज नआएर धरै थिएन । वर्तमान व्यवस्थाले मुलुकलाई स्थानीय तह तथा पालिका प्रणालीमा लगेपछि जिल्लाकै बासिन्दाको लागि पनि वीरगंज गन्तव्य सूचीबाट हट्यो । हाल यसलाई पर्यटकीय नगरी बनाउने कुरा उठेको छ । वीरगंज महानगरका प्रमुख र यसै क्षेत्रबाट वन तथा वातावरण मन्त्रालय सम्हाल्न पुगेका मन्त्रीले समेत चिडियाखाना स्थापना गरेर यसलाई सार्थक रूप दिने बताएका छन् ।

पर्सा जिल्ला चितवन र पर्सा राष्ट्रिय निकुञ्ज तथा भारतीय वाल्मीकि टाइगर रिजर्भसमेत तीनवटा संरक्षण क्षेत्रसँग जोडिएको छ । अर्थात् उक्त तीनवटै संरक्षण क्षेत्रमा रहेका पशुपक्षी र बोटबिरुवाका लागि वीरगंजको हावापानी अनुकूल छ । यहाँको हावापानीमा विश्वमैं दुर्लभ मानिएका एक सिङ्गे गैंडालगायत एक सयभन्दा बढी प्रजातिका स्तनधारी प्राणी, ६० प्रजातिभन्दा बढी घस्रने जीव, १२५ भन्दा बढी प्रजातिका जलचर साथै करीब पाँच सय प्रजातिका चराचुरुङ्गी बाँच्न सक्छन् । विश्वका धनी चिडियाखानाहरूले हावापानी अनुकूल नहुँदा चाहेजस्तो प्राणी पाल्न सकेका छैनन् । पाले पनि उनीहरूले त्यसको वातानुकूलित व्यवस्थापन र स्वास्थ्यमा बढी खर्चिरहेका छन् । चिडियाखानालाई बालउद्यान, तरुण पार्क र ज्येष्ठ नागरिक पार्कसँग जोड्न सकिन्छ । त्यसैगरी, महानगरका सडक किनाराहरूमा विभिन्न खण्ड छुट्टयाइ वनजङ्गलमा पाइने सयभन्दा बढी प्रजातिका फरक बोटबिरुवा लगाउन सकिन्छ । यसले वीरगंज, जीव तथा वनस्पति अध्ययन एवं अनुसन्धान गर्नेहरूका लागि पनि गन्तव्य बन्न सक्छ । आजको वीरगंज दिक्कलाग्दो छ, हिजोको वीरगंज फर्काउन सकिन्न । जाँगर चलाए भोलिको वीरगंज निर्माण गर्न सकिन्छ ।

# सङ्घीयताको के दोष ?

स्वतन्त्र विचार




श्रीमन्नारायण
an_shriman@yahoo.com


**भोलिका दिनमा मधेस प्रदेशका अधिकांश मन्त्रीहरू, भूतपूर्वसमेत भ्रष्टाचारको आरोपमा ठूलो सजाय भोग्ने अवस्था आउन सक्दछ । प्रतिरक्षा, परराष्ट्र र मुद्राबाहेक सबै अधिकार प्रादेशिक सरकारलाई नदिएसम्म सङ्घीयतालाई असफल मान्न सकिंदैन । यस अर्थमा सङ्घीयतालाई दोष दिएर कोही उम्कन पाउँदैन ।**

सङ्घीयता भनेको राज्यको शक्तिको अधिकार विभाजन हो । नेपालको संविधान २०७२ को निर्माण हुँदाका बखत राज्य पुनर्संरचनाको विषयलाई प्राथमिकतामा राखिएको थियो । यस मुद्दामा संविधानका निर्मातांबीच मतैक्य थियो । राज्य पुनर्संरचनाको आवश्यकता किन महसूस गरिएको थियो ? यसबारे बोल्न अहिले कोही पनि तयार छैन । राज्य पुनर्संरचना गर्ने बेलामा नेपाललाई तीन तहमा वर्गीकरण गर्ने काम भयो । सङ्घीय सरकार, प्रादेशिक सरकार र स्थानीय तह । नेपालमा सङ्घीयतालाई राजनीतिक मुद्दा बनाउने काम २०१० सालमा तराई काङ्ग्रेस र २०४७ सालमा नेपाल सद्भावना पार्टीले गरेको थियो । तराई काङ्ग्रेसले हिमाल, पहाड र तराई गरी तीन प्रदेशको माग मात्रै गरेको थियो । नेपाल सद्भावना पार्टीले पनि शुरूमा तीन प्रदेशकै माग गऱ्यो, पछि यसले पूर्वी पहाड, पूर्वी तराई, काठमाडौं उपत्यका, पश्चिमी पहाड र पश्चिमी तराई गरी ५ प्रदेशको माग गरेको थियो ।

२०६३–०६४ सालमा भएको मधेस आन्दोलनमा पनि समग्र मधेस एक प्रदेश कै माग भएको थियो तर २०७२ सालको संविधानमा नेपाललाई आठ प्रादेशिक एकाइमा विभाजित गर्ने काम नेपालको संविधानका निर्माताहरू नेपाली काङ्ग्रेस, एमाले, माओवादी र कमल थापाहरूले गरेका थिए । सङ्घीयतालाई कमजोर बनाउन स्थानीय तहको संरचनालाई अस्तित्वमा ल्याउने काम भयो जबकि कुन प्रदेशमा कतिवटा जिल्ला रहने हो, कतिवटा गाविस, नगरपालिका, वडा र जिल्ला परिषद् रहने हो यसको निर्णय गर्ने अधिकार प्रदेश सरकारमा निहित हुने गर्छ । गाउँ–गाउँमा सिंहदरबारको नारा अघि सार्नुको मूल कारण नै बजेट र अधिकार स्थानीय तहलाई दिने तर बदनाम र अलोकप्रिय प्रादेशिक एकाइलाई बनाउनु थियो । सङ्घीय सरकारका कतिपय मन्त्रीहरू भ्रष्टाचारको आरोपमा पदमुक्त हुनुपऱ्यो । न्यायाधीशहरू अयोग्य, पूर्वाग्रही, विवादित तथा भ्रष्ट भएको आशङ्कामा पदमुक्त हुने अभियान चलेको छ । वैदेशिक ऋण काढ्ने सङ्घीय सरकार, आर्थिक अनुशासन कायम गराउन नसक्ने सङ्घीय सरकार, प्रत्येक वस्तुको मूल्य बढाउने सङ्घीय सरकार, प्रादेशिक सरकारलाई कर्मचारी भर्ना गर्न नदिने सङ्घीय सरकार तर सारा दोष सङ्घीयतामाथि ? जब नेपालमा पूर्ण सङ्घीयता आएकै छैन भने सङ्घीयता कसरी दोषी भयो ? हिजो अस्तिसम्म आफूलाई स्वघोषित सङ्घीयताका विज्ञ मानेर विदेशबाट लाखौं रुपियाँ कमाएकाहरू नै अहिले सङ्घीयताको चर्को विरोध गरिरहेका छन् ।

नेपालको गरीबी, पछौटेपन र बेरोजगारको निम्ति प्रमुख रूपमा देशका जनता, कथित बुद्धिजीवी र राजनीतिज्ञहरू पनि जिम्मेवार छन् । विगत तीन दशकदेखि एउटै अनुहार, एउटै सङ्गठन र एउटै मानसिकता भएकाहरू विभिन्न नारा र नाममा जनतालाई ठग्ने काम गर्दै आएका छन् । आखिर पटकपटक उही अनुहार चुनाव जितेर संसद्मा पुग्नु र समस्या ज्यूँका त्यूँ रहँदै जानु तर जनताले भने तीनलाई देवतासरह ठान्नु संयोग मात्रै हुन सक्दैन । जसरी श्रीलङ्काली जनताले राष्ट्रवादको खोक्रो नाराको पछाडि लागेर राजपाक्षेलाई निरन्तर समर्थन गऱ्यो, नेपालमा पनि त्यस्तै हुँदै आएको छ । २०४७ सालको संविधान बनाउनेहरू नै २०७२ सालको संविधान बनाउने भएपछि त्यसमा तात्त्विक भिन्नता आउनु सम्भव नै थिएन, न आयो नै । आउँदो चुनावमा पनि फेरि यही अनुहार जितेर आउने छन् ।

पञ्चायतको तीस वर्षमा एक दलीय शासन थियो, निरङ्कुशता थियो, मानव अधिकारको उल्लङ्घन भइरहेको थियो, त्यसकारण प्रजातन्त्र ल्याइयो । १६ वर्षपछि प्रजातन्त्रले मात्रै पुग्ने भएन, गणतन्त्रको आवश्यकता महसूस भयो । अब १६ वर्षको गणतान्त्रिक शासन पनि त्यति बढी सफल भएन । राष्ट्रवादको भावनाले ओतप्रोत भएर विनाविदेशी शक्तिको इशारा अथवा सुझाव–सल्लाह आफ्नो बल, बुद्धि र विवेकले नेपालका नेताहरू (गैरमधेसवादी)ले २०७२ सालको संविधान निर्माण गरे । २०७४ सालको मङ्सिरमा प्रादेशिक सरकारको पहिलो निर्वाचन भएको थियो । यसको पहिलो ५ वर्षको पहिलो कार्यकाल अहिलेसम्म पूरा हुन सकेको छैन तर नेपालका प्रायः सबैजसो समस्याको निम्ति सङ्घीयतालाई नै दोषी ठहऱ्याउने काम भइरहेको छ । राष्ट्रिय र क्षेत्रीय पत्रिकादेखि अनलाइन समाचारमा समेत सङ्घीयताकै विरोधमा प्रचार अभियान चलाइएको छ । जिल्ला सदरमुकाम र प्रमुख व्यापारिक एवं आर्थिक कारोबार हुने ठाउँबाहेक देशमा नगरपालिकाको औचित्य के ? गाउँपालिकाको औचित्य के ? वडा कार्यालयलाई ग्रामीण क्षेत्रमा गाविसको रूपमा रूपान्तरण गरे पुगिहाल्छ । समस्याको जड आवश्यकताभन्दा बढी नगरपालिका र गाउँपालिकाको उपस्थिति हो । एक नगरप्रमुखको सुख सुविधामा चारजना प्रादेशिक सांसदको सुख सुविधा अटाउन सक्छ ? अख्तियारमा सबैभन्दा बढी भ्रष्टाचारको मुद्दा दायर भएको निकाय स्थानीय तह हो । एक महीनाभित्रै नवनिर्वाचित दुईजना नगरप्रमुख निलम्बनमा पर्नु यसको उदाहरण हो ।

नेपाली काङ्ग्रेसजस्तो लोकतान्त्रिक पार्टीदेखि नेकपा माओवादी केन्द्रजस्तो एक दशकसम्म सशस्त्र सङ्घर्ष गरेको राजनीतिक पार्टी पनि शुरुदेखि नै सङ्घीयताको विपक्षमा रहँदै आएका छन् । अन्य वामपन्थी दल र पूर्व राजावादी दलहरू सङ्घीयताको विपक्षमा उभिनु त उनको धर्म नै भयो । नेपालका अधिकांश लेखक, बुद्धिजीवी र मिडियाकर्मीहरू पनि आफू सम्बद्ध राजनीतिक दलका प्रमुख नेताको सहमति र समर्थनविना स्वतन्त्र मनले एक शब्द पनि लेख्न, पढ्न र बोल्न सक्दैनन् । सङ्घीयताको पक्षमा दर्जनौं लेख, रचना लेख्ने विद्वान्हरू पनि अहिले सङ्घीयताको विपक्षमा जनमत सिर्जना गर्न दत्तचित्त भएर लागेका छन् । यस्ताखाले हावादारी विद्वान्हरू एक दशक अघि नै सङ्घीयताको समर्थनमा उभिनु र अहिले आएर त्यसको विरोध गर्नुको औचित्य बुझिएन । पार्टी अध्यक्ष र नेताकै बुझाइमा पुच्छर हल्लाउने बुद्धिजीवीहरू पनि नेपालको निम्ति एउटा ठूलो समस्या भइदिएका छन् ।

सङ्घीयता जसको प्रमुख राजनीतिक मुद्दा थियो, ती दलहरूको उपेक्षा गरेर संविधान जारी गरियो । प्रादेशिक संरचना पनि आफ्नै सुविधा अनुसार बनाइयो । संविधान जारी भएलगत्तै एमालेका वरिष्ठ नेता वामदेव गौतमले सङ्घीयतालाई स्वीकार गरेर ठूलो गल्ती भएको भनेका थिए । विगत सात वर्षदेखि नेकपा एमाले आफूबाट भएको सोही पुरानो गल्ती सच्याउन लागेको छ । र अहिले खुलेरै सङ्घीयताको विपक्षमा लागेको छ । नेपाली काङ्ग्रेस पनि सङ्घीयताको विरोधी नै रहिआएको छ तर उसले यसको खुलेर विरोध गर्नेछैन । सङ्घीयता समाप्त गर्न संसद्मा मतदान अथवा जनमत सङ्ग्रह गराउने बेला भयो भने नेपाली काङ्ग्रेस पनि सङ्घीयताकै विपक्षमा उभिने छ । नेपाली काङ्ग्रेसमा अपमान सहन गर्न नसकी मधेसवादी बनेका महन्थ ठाकुर, व्यापारिक पृष्ठभूमिका राजेन्द्र महतो र झन्डै आधा दर्जन कम्युनिस्ट पार्टीको यात्रा गर्दै मधेसी नेता बनेका उपेन्द्र यादवलाई पनि सङ्घीयतासित खासै वास्ता छैन । यी नेताहरूलाई सङ्घीय सरकारमा प्रधानमन्त्री, उपप्रधानमन्त्री, मन्त्री र राष्ट्रपति बन्ने महत्त्वाकाङ्क्षा भएको हुन सक्दछ । विगत ५ वर्षमा उपरोक्त कुनै पनि नेताले प्रादेशिक सरकारलाई सशक्त, बलियो र अधिकार सम्पन्न बनाउनुपर्छ भनेर कहिल्यै बोलेनन् । महालेखा परीक्षकको कार्यालयको नयाँ प्रतिवेदनले देखाएको बेरूजुको आयतन र खर्चको तरीकालाई हेर्दा मधेस प्रदेश सरकारका मन्त्रीहरू यसै प्रदेशसभालाई पहिलो र अन्तिम ठानेर काम गरिरहेका छन्जस्तो लागिरहेको छ । भोलिका दिनमा मधेस प्रदेशका अधिकांश मन्त्रीहरू, भूतपूर्वसमेत भ्रष्टाचारको आरोपमा ठूलो सजाय भोग्ने अवस्था आउन सक्दछ । प्रतिरक्षा, परराष्ट्र र मुद्राबाहेक सबै अधिकार प्रादेशिक सरकारलाई नदिएसम्म सङ्घीयतालाई असफल मान्न सकिंदैन । यस अर्थमा सङ्घीयतालाई दोष दिएर कोही उम्कन पाउँदैन ।

# जयनगरदेखि बिजलपुरासम्म रेलसेवाको विस्तार हुँदै

धनुषा, ५ साउन/रासस

भारतको जयनगरदेखि जनकपुरधाम–कुर्थासम्म सञ्चालन भइरहेको राष्ट्रिय गौरवको आयोजनामध्येको रेलसेवाले आफ्नो थप सेवा विस्तार गर्न लागेको छ । यही साउन ३० गतेदेखि जयनगरदेखि बिजलपुरासम्म थप सेवा विस्तार गर्ने भएको छ ।

नेपाल रेलवे कम्पनीका महाप्रबन्धक निरञ्जन झाले जयनगरदेखि जनकपुर–कुर्थासम्म सञ्चालन भइरहेको रेलसेवा अब बिजलपुरासम्म थप सेवा विस्तारको तयारीमा लागेको जानकारी दिए । उनले भने, "कुर्थादेखि १७.५ किलोमिटर रेल सञ्चालनका लागि लिक (पटरी) हल्ट, स्टेशनलगायतका भौतिक पूर्वाधार संरचना तयार भइसकेको छ, १५ अगस्तका दिन सेवा प्रारम्भ गर्नेबारे नेपाल र भारतका उच्चपदस्थ पदाधिकारीबीच कुराकानी हुँदैछ ।" यद्यपि थप सेवा उद्घाटनको मिति भने टुङ्गो नलागेको उनले बताए ।

उनले यसअघि कुर्थादेखि बिजलपुरासम्म रेलको भौतिक पूर्वाधारका संरचना नेपाल सरकारको रेलवे कम्पनीलाई हस्तान्तरण गरिनुपर्ने भएकाले त्यो प्रक्रिया पनि अगाडि बढिसकेको बताए । महाप्रबन्धक झाले भारतीय इर्कन कम्पनीले करीब रु तीन करोड लागतमा बिजलपुरा खण्डको रेलमार्गको भौतिक पूर्वाधार संरचना निर्माण गरेको जानकारी दिए । यस मार्गमा रेलसेवा शुरू भएपछि बिजलपुरादेखि बर्दिबाससम्म १८ किलोमिटर रेलको भौतिक पूर्वाधार संरचनाको काम शुरू हुने उनले जानकारी दिए ।



तस्वीर: रासस

"नेपाल सरकारले बिजलपुरादेखि बर्दिबाससम्म रेलको लिकसहित भौतिक पूर्वाधार संरचनाका लागि जग्गा हस्तान्तरण गरेपछि तुरुन्त काम शुरू हुन्छ," महाप्रबन्धक झाले भने, "यस खण्डमा जग्गाको मुआवजाको विषयमा पनि टुङ्गो लागिसकेकोले अब तुरुन्त निर्माण काम शुरू हुन्छ ।"

सन् २०१० मा भारत सरकारको आर्थिक सहयोगमा रेल सञ्जाल विस्तार गर्न भारत सरकारसँग सम्झौता भएको थियो । भौतिक पूर्वाधार तथा रेलवे लिक निर्माणको ठेक्का पाएको भारतीय इर्कन इन्टरनेशनल कम्पनीले निर्माण थालेको थियो । जयनगरदेखि बर्दिबाससम्म ७० किलोमिटर छ ।

गत चैत १९ गते भारतको दिल्लीस्थित हैदराबाद हाउसबाट प्रधानमन्त्री शेरबहादुर देउवा र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले संयुक्तरूपमा जयनगर–जनकपुर–कुर्था रेलसेवाको भर्चुअल माध्यमबाट हरियो झन्डा देखाएर उद्घाटन गरेका थिए । त्यस दिनदेखि जयनगर–जनकपुर–कुर्थासम्म ३४.९ किलोमिटर नियमित रेलसेवा सञ्चालन हुँदै आएको छ । अब बिजलपुरासम्म रेलसेवा शुरू भएपछि यसको सेवा ५२.४ किलोमिटर हुनेछ ।

बिजलपुरादेखि बर्दिबाससम्म १८ किलोमिटर रेल सञ्चालनको भौतिक पूर्वाधार र लिक निर्माणको काम बाँकी छ । यस रेल विस्तार परियोजनाको प्रथम चरणमा जयनगर–जनकपुर–कुर्था ३५ किलोमिटर, दोस्रो चरणमा धनुषाको कुर्थादेखि महोत्तरीको बिजलपुरा भङ्गाहासम्म १७.५ किलोमिटर र तेस्रो चरणमा महोत्तरीको बिजलपुरा भङ्गाहादेखि बर्दिबाससम्म १८ किलोमिटर खण्डमा रेलवे सेवा सञ्चालन हुने सरकारको योजना अन्तर्गत सो कार्य भएको हो ।

बिजलपुरासम्म रेलसेवा विस्तारको लागि महाप्रबन्धक झाको नेतृत्वमा सशस्त्र प्रहरी प्रमुखसहितको टोलीले निरीक्षण गरेको थाहा पाएपछि त्यस भेगका

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# मूल्यवृद्धि र सङ्कटोन्मुख अर्थतन्त्र

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**यस्तो अवस्थामा निम्नआय वर्गका नागरिकलाई दिने राहत भनेको उनीहरूलाई काम दिनु हो । राज्यले आफ्नो मातहतको खाद्यान्न भण्डारको ढोका खोलेर सडक, पुल, पुलेसा, विद्यालय, कलेज, स्वास्थ्य चौकीनिर्माणमा अदक्ष श्रमिकलाई काम दिएर ज्यालाका रूपमा अन्न वितरण गर्न सक्छ ।**

यतिखेर बजारमा वस्तु र सेवाको चरम मूल्यवृद्धि भइरहेको छ। उत्पादक, आयातकर्ता, थोक बिक्रेता र खुद्रा व्यापारीले अस्वाभाविकरूपमा मूल्यवृद्धि गर्दा उपभोक्ता मारमा परिरहेका छन्। दैनिक उपभोग्य वस्तुहरू दाल, चामल, तेल, घिउ, चिनी, फलफूल, तरकारी, पेट्रोलियम पदार्थलगायत सम्पूर्ण वस्तुमा चर्को मूल्यवृद्धि भइरहेको छ। कहिले पेट्रोलियम पदार्थको मूल्यवृद्धिले ढुवानी महँगिएको नाममा त कहिले कच्चा पदार्थको मूल्य बढेको बहानामा व्यवसायीले पटकपटक मूल्यवृद्धि गर्ने गरेका छन् । मूल्यवृद्धि नियमन र नियन्त्रण गर्ने जिम्मेवारी सरकारको हो। तर, सरकार र नियामक निकाय चुप लागेर बस्दा व्यापारीले मनलागी मूल्यवृद्धि र कालोबजारी गरिरहेका छन्। सरकारले बजारमा मूल्य नियमन र नियन्त्रण गरी सुशासन कायम गर्नुपर्नेमा बिचौलियाको प्रभावमा परेका छन् । यसरी विपन्न वर्गले खपत गर्ने दैनिक उपभोग्य सामग्रीको मूल्य अनियन्त्रितरूपमा बढेर अहिले सर्वसाधारणको दैनिक जीवनयापन नराम्ररी प्रभावित भएको छ। बेलगाम बढेको मूल्यवृद्धिको मारमा विपन्न तथा निम्नमध्यम वर्गीय परिवार मात्रै होइन्, वीरगंजलगायत शहरी क्षेत्रका मध्यम वर्गीय परिवारलाई समेत यसले नराम्ररी पिरोलेको छ । तर सरकारले बढ्दो मूल्यवृद्धि नियन्त्रण गर्ने र नेपाली बजारलाई उपभोक्तामैत्री बनाउनेतर्फ कुनै चासो देखाउन सकेन। यसरी सरकारले अत्यावश्यकीय उपभोग्य वस्तुको मूल्य अनुगमन र नियन्त्रणको पहल नगरिदिंदा आम नागरिक महँगीको मार खेप्न विवश भएको छ । हुनत मूल्य आफैंमा सधैं स्थिर रहने चीज होइन । उत्पादन र मूल्यबीच अन्योन्याश्रित सम्बन्ध हुन्छ भने उत्पादन नहुँदा मूल्य बढेमा त्यसलाई स्वाभाविक मान्नुपर्दछ तर उत्पादनको अवस्था हेर्ने हो भने यसरी रातारात मूल्यवृद्धि हुनुपर्ने कुनै कारण देखिन्न ।

हप्तैपच्छि विनाप्रसङ्ग खाद्यान्नमा मूल्यवृद्धि हुनु र त्यसलाई नियन्त्रण गर्नुका सट्टा सरकार मूकदर्शक भएर बस्नुले आम उपभोक्तामा चरम निराशा छाएको छ। सामान्यतया मूल्य बढ्नुमा आर्थिक कारण जिम्मेवार हुन्छ । जस्तै उत्पादन घट्नु, बजारको माग अनुरूप आपूर्ति हुन नसक्नु, कालोबजारी र व्यावसायीको बढी नाफा लिने प्रवृत्ति नै मूल कारण हो । यसका साथै मुलुकभित्र झाँगिएको सिन्डिकेट पनि मूल्यवृद्धिको अर्को कारण हो। सिन्डिकेट र कार्टेलिङप्रति सरकार उदासीन बस्दा मुलुकमा महँगी अनियन्त्रित रूपमा बढेको दाबी उपभोक्ता अधिकारकर्मीको छ । भारतमा हुने मूल्यवृद्धिले पनि नेपाली बजारलाई प्रभावित पार्ने गर्छ । किनभने नेपाली बजार भारतीय बजारमाथि विशेष निर्भर छ। यसरी मूल्यवृद्धि हुनुका पछाडि यस्ता थुप्रै कारण जिम्मेवार छन् तर सरकारले यसको नियन्त्रण गर्न र बजारमा झाँगिदै गएको अनुशासनहीनता, मिसावट र अराजकता नियन्त्रण गर्दै मूल्यवृद्धि नियन्त्रण गर्न जसरी हस्तक्षेपकारी भूमिका निर्वाह गर्नुपर्दथ्यो, त्यो गर्न सकिरहेको छैन। अनियन्त्रितरूपमा बढेको महँगीको मारमा ग्रामीणस्तरको सामान्य परिवारदेखि मुलुकको अर्थतन्त्रसमेत प्रभावित भइरहेको हुन्छ। यसले विपन्न, निम्न मध्यम र मध्यम वर्गको दैनिक जीवन कष्टकर बनाइराखेको छ भने मुलुकको समग्र अर्थतन्त्रलाई नै नराम्ररी प्रभावित गरिराखेको छ । यसले दीर्घकालमा समाजमा विभिन्न खाले विभेद बढाउँछ । फलस्वरूप मुलुकमा विभिन्न खाले द्वन्द्व र समाजिक समस्या सृजना हुन्छ । त्यसकारण पनि कालोबजारी र अस्वाभाविक नाफा खाने प्रवृत्ति हतोत्साही गर्दै राज्यले आम उपभोक्तालाई उपभोग्य वस्तुमाथिको सहज र सरल पहुँच उपलब्ध गराउन सक्नुपर्दछ । तर सरकार यसप्रति संवेदनशील देखिएको छैन। कहीं नभएको जात्रा हाँडीगाउँ भन्ने नेपाली उखानजस्तै यहाँ खाद्यान्न वस्तुमा मिसावट गरी कालोबजारी गर्ने तथा त्यस्ता खाद्यान्न वस्तुको कृत्रिम अभाव सृजना गरी रातारात चर्को मूल्यवृद्धि गरी अस्वाभाविक नाफा आर्जन गर्ने व्यापारीहरूको बिगबिगी छ तर आम नागरिकप्रति जिम्मेवारी बोकेको लोकतान्त्रिक सरकारले त्यस्ता व्यापारीलाई कारबाई गर्न सकेको छैन; न चर्कोरूपमा वृद्धि हुँदै गइरहेको मूल्यवृद्धि नियन्त्रण गर्न सकेको छ ।

उपभोक्ता अधिकार सबैको सरोकारको विषय हो । महँगीले उपभोक्ताको दैनिकी अप्ठ्यारोमा परिरहँदा जनताका लागि काम गर्न निर्वाचित गरेर पठाएका राजनीतिक दलका नेताहरूले संसद्मा मूल्यवृद्धि नियन्त्रण गर्न आवाज उठाउनुपर्ने हो, सरकारलाई दबाब दिनुपर्ने हो। तर पक्ष–विपक्ष कसैले पनि जनताको पक्षमा बोलेको पाईंदैन। व्यापारीले राजनीतिक दल र नेतालाई दिएको आर्थिक सहयोग पनि वस्तुको मूल्यमा समायोजन गर्ने हुँदा पनि मूल्यवृद्धि भएको छ । माग र आपूर्तिलाई सन्तुलनमा राख्नका लागि कृत्रिम अभाव सिर्जना गरी कालोबजारी गर्नेलाई कारबाई गर्न सरकार चुकेको छ । व्यापारीले जस्तोसुकै अपराध गरे पनि कारबाई गर्नुहुँदैन र उसले जे भन्छ, त्यही गर्नुपर्छ भन्ने सरकारी सोच, बजारलाई शुद्ध बनाउने कार्ययोजनाको अभाव, नाम मात्रको अनुगमन र सचेत उपभोक्ताको कमीले गर्दा मूल्यवृद्धि भइरहेको छ । मूल्यवृद्धिले अर्थतन्त्रमा गम्भीर चुनौती थपिने हुनाले यसको न्यूनीकरण सरकारले जुनसुकै वस्तुको पनि मूल्य विश्लेषण गर्नुपर्छ । वस्तुको उत्पादन, प्रशोधन, भण्डारण, ढुवानी र वितरण गरी उपभोक्तासम्म पुग्दा कति मूल्य पर्छ, छिमेकी र अन्य मुलुकमा त्यही वस्तुको मूल्य कति रहेछ भनेर अध्ययन गर्ने र मूल्यवृद्धि नियन्त्रण गर्नका लागि मूल्य नियमन नियन्त्रण विश्लेषण निर्देशिका जारी गरी कार्यान्वयन गर्न सरोकारवाला पक्षसहितको छुट्टै संयन्त्र निर्माण गरिनुपर्छ। बजार हस्तक्षेप गरी दोषीलाई कानूनको दायरामा ल्याई मूल्यवृद्धि नियन्त्रण गर्ने दायित्व सरकारको हो भन्ने अनुभूति नेपाली जनतालाई दिन सक्नुपर्छ। नत्र मूल्यवृद्धिले उपभोक्ता मारमा परिरहने छन् ।

सङ्घीय लोकतान्त्रिक शासन व्यवस्थाले पनि आमजनता र मुलुकका लागि भनेजस्तो गतिलो काम गर्न सकेको छैन । अहिलेको अर्थतन्त्रको दुरवस्थाको जिम्मेवारी विगतका सरकारले पनि लिनुपर्दछ । इन्धन, औषधि, औद्योगिक उपजमा त मुलुक पहिले पनि परनिर्भर नै थियो। मुलुकमा भएका परिवर्तनपछि यी वस्तुको उत्पादन बढाएर सम्भव भएसम्मका वस्तुमा आत्मनिर्भर हुनुपर्ने र निर्यातजन्य वस्तुको उत्पादन बढाएर व्यापार घाटा घटाउनुपर्ने थियो । तर अहिले मुलुक झन् खाद्यान्नमा समेत परनिर्भर हुँदै गएको छ । वार्षिक अबौं रुपियाँको खाद्यान्न विदेशबाट आयात हुँदै आएको छ। वैदेशिक व्यापारको एउटा सामान्य नियम के हो भने विदेशी वस्तु आयातका लागि पनि निर्यात व्यापारमा वृद्धि गर्नुपर्ने हुन्छ । निर्यात व्यापारबाट आर्जित विदेशी मुद्रासँग सन्तुलन हुनेगरी मात्रै आयात व्यापारमा खर्च गर्नु उपयुक्त हुन्छ । आयात मूल्यको दाँजोमा निर्यात मूल्य ज्यादै न्यून भएमा त्यस मुलुकको अर्थतन्त्रमा गम्भीर समस्या रहेको बुझिन्छ। त्यसमाथि पनि आयातमा ठूलो अंश उपभोग्य वस्तुको रहेको छ भने त्यस मुलुकको अर्थतन्त्र चरम सङ्कटमा रहेको बुझिन्छ। यसरी निर्यात व्यापारमा कमजोर र आयात व्यापारमा पूरै परनिर्भर अर्थतन्त्र भएको मुलुक विकासमा अगाडि लम्किन सक्दैन । उत्पादनमा भाग लिने ऊर्जावान् युवा जनशक्तिलाई वैदेशिक रोजगारमा पठाएर त्यसबाट आर्जित विप्रेषणको आडमा आयातमा आधारित पराधीन अर्थतन्त्र निर्माण गर्नुको परिणति आज नेपाली नागरिकले भोग्नुपरिरहेको छ। मुलुकमा उत्पादन छैन, खाद्यान्न उत्पादन हुने जग्गा बाँझो छ, मुलुकभित्र सानातिना निर्माण कार्य र कलकारखानामा पनि विदेशी श्रमिकको बाहुल्य छ ।

हुनत कृषि क्षेत्रकै विकास गरेर खाद्यान्नमा आत्मनिर्भर र निर्यात बढाउन सकेको भए पनि मुलुक परनिर्भर हुने थिएन होला। कतिपय मुलुकले वैदेशिक व्यापारबाट आर्थिक उन्नति पनि गरेका छन् । नेपालसँग भने निर्यात गर्ने वस्तु छैन र नयाँ उत्पादन गर्नेतिर पनि खासै चासो देखिएन । उद्योगधन्धा स्थापना, उत्पादन र निर्यात गर्नुभन्दा पनि निजी क्षेत्रको रुचि तत्कालै मुनाफा आर्जित हुने आयातमा देखियो। शिक्षा, स्वास्थ्य, घरजग्गा क्षेत्रमा लगानी गर्नुमा निजी क्षेत्र स्वाभाविकरूपले अगाडि बढ्यो । पूर्वाधार विकास र अनुकूल सरकारी नीतिमार्फत उद्योगधन्धा र कृषि विकासतर्फ व्यवसायीलाई लाग्न उत्प्रेरित गर्ने काममा राज्यले खासै ध्यान दिएको देखिएन । व्यापार र वाणिज्य क्षेत्रमा लागेका व्यवसायी र राजनीतिक नेताहरूको साँठगाँठमा नेपाली अर्थतन्त्र पूरै परनिर्भर बन्न पुग्यो । शिक्षा, स्वास्थ्यजस्तो सामाजिक क्षेत्रलाई बजारको जिम्मा लगाइयो र सर्वाधिक मुनाफामूलक लगानीको क्षेत्रमा परिणत गर्ने छुट दिइयो । यसरी गुणस्तरहीन शिक्षा र स्वास्थ्य सेवा प्रदान गर्नु भनेको राज्यले निम्न आय भएका जनतामाथि गरेको विभेद मात्रै नभई भावी पुस्तामाथि गरेको अक्षम्य अपराध पनि हो। यसलाई तत्काल सच्याउनुपर्दछ । मुलुकले आर्थिक उदारीकणको नीति अवलम्बन गरेपछि आर्थिक वर्ष २०४६–४७ तिर कुल गार्हस्थ्य उत्पादनको ११ प्रतिशतमा सीमित रहेको व्यापार घाटा वृद्धि भई आव २०७८–७९ मा आइपुग्दा ३५ प्रतिशतबाट पनि उकालो लाग्ने अवस्थामा पुगेको छ। आज डलरसँग नेपाली रुपियाँको सटही दर वृद्धि भएको छ। डलरको भाउ जति बढ्छ, महँगी पनि उति नै बढ्छ । अर्कातिर डलरको सञ्चिति पनि घट्दै गएकोले आयातमा सरकारले अझ कडाइ गर्न सक्छ। त्यसले पनि कतिपय वस्तुको आपूर्तिमा कमी आउँछ र बजारमा सरसामानको अभाव भएपछि महँगी झन् बढ्छ । यसबाट पनि भावी दिन अझ कष्टकर हुने अनुमान गर्न सकिन्छ ।

यस्तो अवस्थामा निम्नआय वर्गका नागरिकलाई दिने राहत भनेको उनीहरूलाई काम दिनु हो । सर्वप्रथम राज्यले आफ्नो मातहतको खाद्यान्न भण्डारको ढोका खोलेर सडक, पुल, पुलेसा, विद्यालय, कलेज, स्वास्थ्य चौकी भवन निर्माणमा अदक्ष श्रमिकलाई काम दिएर ज्यालाका रूपमा अन्न वितरण गर्न सक्छ। यसका लागि नेपाल सरकारसँग खाद्यान्न भण्डारमा प्रचुर अन्न हुनु आवश्यक हुन्छ। यसको विकल्पमा राज्यले नगद ज्याला दिएर श्रमिकलाई काममा लगाउन सक्छ। कैयौं राष्ट्रिय गौरवका आयोजना अपूरो अवस्थामा छन्। तिनको निर्माणमा यही समयमा तीव्रता ल्याउन सकिन्छ । यी सबै निर्माणमा नेपाली श्रमिकलाई पहिलो प्राथमिकतामा राख्न राज्यले विशेष पहल गर्नुपर्दछ। सङ्घीय, प्रदेश र स्थानीय सरकार मातहत व्यापक रूपमा पूर्वाधार विकास र निर्माण कार्यक्रम अघि सारेर निम्न आय भएका नागरिकका लागि रोजगार सिर्जना गर्न सकिन्छ । यसबाहेक राज्यले यही सङ्कटलाई अवसरका रूपमा लिएर बाँझो कृषि भूमि उपयोग गर्न गाउँघरका साना किसानलाई प्रोत्साहित गर्न सक्छ । तीनै तहका सरकारले सामूहिक, सहकारी, समूह र वैज्ञानिक खेती, पशुपालन, जडीबुटी, फलफूल, फूल र कृषिमा आधारित साना उद्योगमा जोड दिएर स्थानीय अर्थतन्त्रमा रक्त सञ्चार गर्न सक्छ । यसका लागि सरकारी संवेदनशीलता अति आवश्यक छ। यसैगरी जनप्रतिनिधिमूलक सङ्घ–संस्था, उपभोक्तावादी सङ्घ–सङ्गठन र अधिकारकर्मी तथा राजनीतिक दलले पनि मूल्यवृद्धि नियन्त्रण गरी आत्मनिर्भर अर्थतन्त्रको विकासका लागि सरकारमाथि दबाब सृजना गर्नु त्यतिकै आवश्यक छ।

# धितोपत्र बजारः सात अर्ब २० करोडको आइपिओ बिक्री, सात अर्बकै प्रतीक्षा

काठमाडौं, ५ साउन/रासस

पछिल्ला दिनमा शेयर बजार क्रमशः विस्तार हुँदै गइरहेको पाइएको छ ।




साधारण शेयर बिक्रीमा भएको उल्लेख्य वृद्धि, हितग्राही खाता खोल्ने क्रममा भएको वृद्धिलगायतका कारणले पनि बजार विस्तार भएको पाइएको छ ।

सरकारले वास्तविक क्षेत्रका कम्पनीलाई पनि साधारण शेयर बिक्रीका लागि अभिप्रेरित गरेको छ । सिडिएस एन्ड क्लियरिङ लिमिटेडका अनुसार ५२ लाख ६० हजार २५१ वटा हितग्राही खाता खुलेका छन्। त्यस्तै, ४३ लाख ६८ हजार ६३९ मेरो शेयरको अकाउन्ट खुलेको छ। कुल आठ अर्ब ५८ करोड ४३ लाख ५८ हजार ६६९ कित्ता शेयर अभौतिकीकरण भएको छ । यसैगरी, ३५ वटा म्युचुअल फन्ड र ५९ वटा बन्ड र डिबेन्चर पनि सूचीकृत भएका छन्।

धितोपत्र कारोबारको नियामक निकाय नेपाल धितोपत्र बोर्डले आर्थिक वर्ष २०७८/७९ मा मात्रै रु सात अर्ब २० करोडभन्दा बढीको साधारण शेयर सर्वसाधारणलाई बिक्री गर्न स्वीकृत दिएको छ। यसबाट पनि नेपालको शेयर बजार विस्तार भएर गएको देखिन्छ । बोर्डले कुल सात करोड २० लाख ३६ हजार ४२५ कित्ता शेयर सर्वसाधारणका लागि निष्कासन तथा बिक्रीका लागि स्वीकृत दिएको पाइएको छ ।

**सबैभन्दा धेरै हाइड्रोपावर कम्पनीले पाए अनुमति**

बोर्डका अनुसार सो आवमा कुल २८ कम्पनीले शेयर बिक्रीका लागि अनुमति पाएकामा सबैभन्दा धेरै जलविद्युत् समूहका कम्पनी छन्। शेयर निष्कासनको अनुमति पाउनेमा १९ जलविद्युत् कम्पनी छन् । आर्थिक वर्ष २०७८/७९ को पहिलो अनुमति गत वर्षको साउन ११ गते न्यादी हाइड्रोपावर लिमिटेडले सर्वसाधारणलाई शेयर बिक्रीका लागि अनुमति पाएको थियो। कम्पनीले कुल ४० लाख ५० हजार कित्ता शेयर सर्वसाधारणलाई छुट्याएको थियो।

यस अवधिमा साहस ऊर्जाले रु १०० अङ्कित मूल्यका एक करोड पाँच लाख कित्ता, बुद्धभूमि नेपाल हाइड्रोपावरले १२ लाख कित्ता, बलेफी हाइड्रोपावरले ३६ लाख ५५ हजार ९४० कित्ता, ग्रीन भेन्चर लिमिटेडले ६२ लाख ५० हजार कित्ता, रिभरफल्स पावरको ३४ लाख ३० हजार कित्ता शेयर बिक्रीका लागि अनुमति पाएका थिए ।

सर्वसाधारण र आयोजनाले प्रभाव पार्ने क्षेत्रका स्थानीय बासिन्दाका लागि ती कम्पनीले शेयर बिक्रीसमेत गरिसकेका छन् ।

त्यस्तै, विन्ध्यवासिनी हाइड्रोपावर डेभलपमेन्ट कम्पनीको २५ लाख कित्ता, दोर्दी खोला जलविद्युत् कम्पनीको २९ लाख ५१ हजार ९२९ कित्ता, हिमालयन हाइड्रोपावरको २२ लाख ५० हजार कित्ता, अप्पर सोलु हाइड्रो इलेक्ट्रिक कम्पनीको ३३ लाख सात हजार ५०० कित्ता, अप्पर हेवाखोला हाइड्रोपावरको २० लाख कित्ता, राप्ती हाइड्रोको २९ लाख ४१ हजार ४१० कित्ता शेयर बिक्री गर्न अनुमति पाएका थिए ।

बोर्डले श्वेत गङ्गा हाइड्रोपावरको ३९ लाख ८२ हजार ५०० कित्ता, सयपत्री हाइड्रोपावरको नौ लाख कित्ता, मन्दाकिनी हाइड्रोपावरको १७ लाख ६४ हजार ११० कित्ता, पिपल्स पावरको ३१ लाख कित्ता, रसुवागडी हाइड्रोपावर (सर्वसाधारणका लागि)को ६८ लाख ४२ हजार १०० कित्ता, सान्जेन जलविद्युत् कम्पनी (सर्वसाधारणका लागि)को ३६ लाख पाँच हजार, सिक्लेस हाइड्रोपावरको २० लाख कित्ता शेयर बिक्रीका लागि अनुमति दिएको थियो ।

त्यसमा अधिकांश कम्पनीले शेयरको निष्कासन तथा बिक्री गरिसकेका छन् भने केही कम्पनी शेयर बिक्रीका लागि आह्वान गर्ने क्रममा छन् । जसमा श्वेत गङ्गा हाइड्रोपावरको शेयर बिक्री खुला भएको छ भने सयपत्री हाइड्रोपावर, सिक्लेस हाइड्रोपावरको र मन्दाकिनी हाइड्रोपावरको शेयर बिक्री हुने क्रममा छन् ।

**लगानी समूहको एकमात्रै कम्पनीले पायो अनुमति**

गत आवमा लगानी समूहबाट इमर्जिङ नेपाल लिमिटेडले मात्र शेयर बिक्रीका लागि अनुमति पाएको छ । इमर्जिङले रु १०० अङ्कित मूल्यमा पाँच लाख ५५ हजार ६०० कित्ता शेयर बिक्री गर्न अनुमति पाएको हो। कम्पनीले शेयर सर्वसाधारणलाई निष्कासन गरी बाँडफाँटसमेत गरिसकेको छ ।

गत आवमा कुल २८ कम्पनीमध्ये आठ लघुवित्त कम्पनीले शेयर बिक्रीका लागि अनुमति पाएको बोर्डले जनाएको छ। जसमा नेस्डो समृद्धि लघुवित्त वित्तीय संस्थाले आठ लाख २८ हजार ७५० कित्ता, जाल्पा सामुदायिक लघुवित्त वित्तीय संस्थाले पाँच लाख २२ हजार कित्ता, राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्थाले आठ लाख ५० हजार कित्ता, उपकार लघुवित्त वित्तीय संस्थाले दुई लाख ३६ हजार २५० कित्ता, सिवाइसी नेपाल लघुवित्त वित्तीय संस्थाले तीन लाख ९५ हजार ३३६ कित्ता शेयर बिक्रीका लागि अनुमति पाएका थिए ।

त्यस्तै, आदर्श लघुवित्त वित्तीय संस्थाले ६७ हजार कित्ता, धौलागिरि लघुवित्त वित्तीय संस्थाले तीन लाख ३१ हजार कित्ता र अभियान लघुवित्त वित्तीय संस्थाले नौ लाख ७५ हजार कित्ता शेयर बिक्रीका लागि अनुमति पाएका थिए । अनुमति पाएका अधिकांश लघुवित्त संस्थाले शेयर निष्कासन गरी बाँडफाँटसमेत गरिसकेका छन। लघुवित्त कम्पनीमा धौलागिरि लघुवित्त वित्तीय संस्था र अभियान लघुवित्त वित्तीय संस्थाले सर्वसाधारणमा शेयर बिक्री गर्न बाँकी छ ।

बोर्डबाट गत आवमा चार करोड ७८ लाख ७१ हजार ८८२ कित्ताको रु चार अर्ब ७८ करोड ७१ लाख ८८ हजार २९४ मूल्य बराबरको राइट शेयर जारी गर्न ११ कम्पनीले अनुमति पाएका थिए ।

**रु सात अर्बभन्दा बढीका शेयर पाइपलाइनमा**

त्यस्तै, धितोपत्र बोर्डका अनुसार रु सात अर्ब १० करोडभन्दा बढी रकमका शेयर निष्कासनको अनुमतिको प्रतीक्षामा छन्। जसमा दुई कम्पनीले बुक बिल्डिङ विधिबाट शेयर बिक्री गर्न पाउँ भन्दै बोर्डसमक्ष माग गरेका छन् । सर्वोत्तम सिमेन्ट र रिलायन्स स्पिनिङ मिल्सले बुक बिल्डिङ विधिबाट शेयर निष्कासन गर्न अनुमति मागेका छन् ।

# मालपोत सिमराद्वारा ५१ करोड राजस्व सङ्कलन, १६ करोड राहत वितरण

प्रस, जीतपुर, ५ साउन/

बाराको मालपोत कार्यालय, सिमराले आव २०७८/७९ मा रु ५१ करोड १३ लाख ७१ हजार राजस्व सङ्कलन गरेको छ भने मधेस प्रदेश आर्थिक ऐन २०७८/७९ बमोजिम स्थानीय निकायलाई रु १६ करोड राहत वितरण गरेको मालपोत अधिकृत राजेन्द्रप्रसाद पौडेलले जानकारी गराएका छन् ।

सो कार्यालयका लेखापाल तेजेन्द्र लम्सालका अनुसार आव २०७८/७९ को साउन–असार १२ महीनामा घरजग्गा रजिस्ट्रेशन दस्तुरबापत रु ३१ करोड ८९ लाख ९० हजार, पुर्जा बिक्री सेवा शुल्कबापत रु २४ हजार ८००, सेवा

(बाँकी चौथो पातामा)

# पाकिस्तान र नेपालमा श्रीलङ्का जस्तो सङ्कट आयो भने के होला ?

श्रीलङ्का यतिबेला ठूलो सङ्कटको घडीबाट गुज्रिरहेको छ। अहिले त्यहाँको



सरकारी राष्ट्रपति निवासमा प्रदर्शनकारीहरू ।

आर्थिक दुर्दशाको अवस्था दक्षिण एशियाका धेरै देशमा देखिएको जस्तो छ। तर यस्ता आर्थिक सङ्कटलाई सम्हाल्न यी देशहरूले जुन राजनीतिक नेतृत्व क्षमता राख्नुपर्छ, त्यो छैन।

यी देशमा आर्थिक सङ्कटसँगै राजनीतिक नेतृत्वको सङ्कट पनि देख्न पाइन्छ। हामीले श्रीलङ्कालाई असफल राष्ट्रको रूपमा कहिल्यै देखेका छैनौं। यहाँको आर्थिक अवस्था राम्रो थियो। सामाजिक परिसूचक पनि राम्रै थिए।

तीन वर्षअघि यसलाई उदीयमान अर्थतन्त्रका रूपमा हेरिएको थियो। तर यहाँको आर्थिक अवस्था जसरी खस्किँदै



ऋण चुक्ता गर्न नसकेपछि चीनलाई लिजमा दिएको हम्बनटोटा बन्दरगाह ।

गयो, त्यो राजनीतिक नेतृत्वको कमजोरीको परिणाम हो भन्न सकिन्छ। अर्थतन्त्रलाई डुब्नबाट जोगाउन देशको नेतृत्व असफल भएको छ।

यो आर्थिक सङ्कट दक्षिण एशियाका एकपछि अर्को धेरै देशमा देखिएको छ। पाकिस्तानको अवस्था होस् वा नेपालको आर्थिक मन्दीको असर, सबैतिर यस्तै वातावरण देखिन्छ।

यस्ता सङ्कटहरू एकै ठाउँमा सीमित हुँदैनन्। जुन आक्रोश आज श्रीलङ्कामा देखिएको छ, भोलि त्यही आक्रोश नेपाल वा पाकिस्तानमा पनि देखिन सक्छ। यो दक्षिण एशियाको लागि ठूलो चिन्ताको विषय हो।

**दक्षिण एशियाका धेरै देश आर्थिक सङ्कटमा छन्**

पाकिस्तान र नेपालजस्ता दक्षिण एशियाली मुलुकले आर्थिक सङ्कटलाई नियन्त्रण गर्न सफल होलान् कि नहोलान् भन्ने प्रश्न उठेको छ। के यी देशहरूको राजनीतिक संरचना यस्तो छ कि उनीहरूले यस्तो सङ्कट व्यवस्थापन गर्न सक्छन् ?

पाकिस्तानमा यस्तो कुनै सम्भावना देखिंदैन। नेपालमा पनि यस्तो आर्थिक सङ्कट आयो भने राजनीतिक ढाँचामा समाधान होला भन्ने शङ्का नै छ।

नेपालमा श्रीलङ्काजस्तो आर्थिक सङ्कट आयो भने त्यसलाई नियन्त्रण गर्ने क्षमता त्यहाँको राजनीतिक नेतृत्वमा छैन। किनभने यहाँ राजनीतिक विभाजन निकै गहिरो छ।

त्यसैले अहिलेको अवस्था यस्तो छ कि अहिले राजनीतिक र आर्थिक दुवै समस्या एकसाथ उभिएका छन् र त्यसको मार दक्षिण एशियाली जनताले बेहोर्नुपरेको छ।

**श्रीलङ्काको आर्थिक दुर्दशामा चीनको हात**

श्रीलङ्का, पाकिस्तान र नेपाल तीनै ठाउँमा चीनको स्वार्थ छ। प्रश्न छ, श्रीलङ्काले चीनमा खेलेको भूमिकालाई कसरी हेर्ने ?

वास्तवमा श्रीलङ्कामा चीनको रवैया निकै गैरजिम्मेवारपूर्ण थियो। चीनले श्रीलङ्कालाई ठूलो ऋण दियो र यहाँ लगानी गर्‍यो। यहाँ चीनको ठूलो प्रभाव थियो।

श्रीलङ्काको अहिलेको आर्थिक दुर्दशाको लागि चीन पूर्णतया जिम्मेवार छ भन्न नसकिने भएपनि चीन नै यसको दुर्दशाको प्रमुख कारण बनेको छ।

जब पैसा कमाउने कुरा आयो, चीन



दाजु पूर्वप्रधानमन्त्री महिन्दा राजापाक्षे र भाइ पूर्वराष्ट्रपति गोटाबाया राजापाक्षे।

सबैभन्दा अगाडि थियो। चीनले राजापाक्षे परिवारलाई धेरै पैसा दिएको थियो।

चीनले राष्ट्रपति र प्रधानमन्त्रीको व्यक्तिगत स्वार्थलाई ध्यानमा राखेर काम गरेको थियो। चीनले यहाँको जनतालाई बेवास्ता गर्दै राजापाक्षे परिवारमा पूर्ण ध्यान दिएको थियो।

जनताले राजापाक्षे परिवारको सम्पत्ति बढ्दै गएको थाहा पायो तर आफ्नो आर्थिक अवस्था खस्कँदै गएको थाहा पाएन।

श्रीलङ्कालाई सहयोग चाहिएको बेला चीन कतै देखिएन। पछिल्ला छ महीनादेखि श्रीलङ्काको आर्थिक अवस्था खस्किन थालेको हो।

त्यहाँको जनतालाई लागेको थियो कि कोभिडका कारण आर्थिक स्थितिमा परेको धक्काबाट आफ्नो देश शायदै उठ्न सक्छ।

तर यस अवधिमा चीनले श्रीलङ्कालाई सहयोग गर्न पहल गरेको हामीले देखेनौं।

श्रीलङ्काको समस्यालाई ध्यानमा राखेर चीनले जसरी हात तानेको छ, त्यसबाट धेरै देशले पाठ सिक्नुपर्छ।

जहाँ पैसा कमाउने कुरा आउँछ, चीन अग्रस्थानमा देखिन्छ, तर समस्या समाधान गर्ने वा मदत गर्ने कुरामा चीन सधैं पछाडि रहन्छ।

यस्तो सङ्कटको समयमा पनि श्रीलङ्कामा चीन देखिंदैन। यतिबेला आईएमएफ र भारत सहयोगका लागि उभिएका छन्। श्रीलङ्कालाई सहयोग गर्न भारतले आफ्नोतर्फबाट धेरै पहल गरेको छ।

श्रीलङ्का अब मदतको लागि आईएमएफमा जाँदैछ। चीनले आफ्नो ऋणको पुनर्संरचनाको लागि जुन कुरो उठाएको छ, त्यसमा श्रीलङ्काले ध्यान दिएको छैन।

पाकिस्तान र नेपाल जस्ता देशहरूमा चीनको जसरी आर्थिक वर्चस्व कायम छ, त्यसको परिणामस्वरूप ती देशहरूले पनि श्रीलङ्काजस्तो अवस्था भोग्नु नपरोस्।

**श्रीलङ्काको अबको बाटो के हो ?**

श्रीलङ्काको जुन स्थिति छ त्यसभन्दा अगाडि बढ्ने बाटो के छ ? श्रीलङ्काका सबै राजनीतिक दलले सर्वदलीय सरकार बनाउने कुरा गरिरहेका छन्, तर यसले मात्र त्यहाँ सङ्कट समाधान हुँदैन।

सरकारका सबै घटक दलले सहमतिबाटै योजना बनाउनुपर्छ।

उनीहरू आपसी सहमतिमा बनाएका योजना लिएर मात्रै आइएमएफमा जानुपर्नेछ।

त्यहाँको आर्थिक अवस्था सुधार गर्ने गरी सहमतिमा योजना नबनेसम्म आइएमएफ कुनै ठोस सहयोगका लागि तयार हुँदैन। श्रीलङ्काको राजनीतिक अवस्था सुधार नभएसम्म आइएमएफले पनि केही गर्न सक्दैन। उसको हात पनि बाँधिएको छ। स्रोत– बिबिसी

# हार्डवेयर सामान लोड गरेको ट्रक नियन्त्रण

प्रस, वीरगंज, ५ साउन/

जिल्ला प्रहरी कार्यालय, पर्साले बिलबीजकभन्दा बढी हार्डवेयर तथा खुद्रा सामानहरू लोड एउटा ट्रक नियन्त्रणमा लिएको छ।

बुधवार राति १२ बजे वीरगंज महानगर–२१ परवानीपुरचोकस्थित सडकखण्डमा ना.६ख ५२७३ नम्बरको ट्रकलाई चेकजाँच गर्ने क्रममा बिलबीजक शङ्कास्पद देखिएको तथा बिलबीजकविना विभिन्न किसिमका हार्डवेयर सामान बरामद भएको र कारबाईको लागि राजस्व अनुसन्धान कार्यालय, पथलैयामा बुझाइएको छ।

# देशभर वर्षाको सम्भावना, सतर्क रहन चेतावनी

काठमाडौं, ५ साउन/रासस

देशभर सामान्यदेखि पूर्ण बदली रही धेरै स्थानमा वर्षाको सम्भावना छ। जल तथा मौसम विज्ञान विभागका अनुसार देशभर सामान्यदेखि पूर्ण बदली रही पहाडी भूभागका धेरै स्थान र अन्य भूभागका केही स्थानमा मेघगर्जन–चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना छ।

सुदूरपश्चिम र प्रदेश नं १ का केही स्थानमा भारी वर्षाको सम्भावना छ। विभागले आगामी २४ घण्टा देशको पहाडी भूभागका धेरै स्थानमा र अन्य भूभागका केही स्थानमा मेघगर्जन र चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना तथा सुदूरपश्चिम र प्रदेश नं १ का केही स्थानमा भारी वर्षाको सम्भावना रहेको बताएको छ। पहाडी भूभागमा भूक्षय, पहिरो तथा गेग्रान बहावको जोखिम रहेको साथै नदीनाला तथा खहरे खोलामा पानीको सतह बढ्न सक्ने तथा दैनिक जनजीवन/यातायात क्षेत्रसमेत प्रभावित हुन सक्ने भएकाले सतर्क रहन विभागले चेतावनी दिएको छ। हाल देशभर सामान्यदेखि पूर्ण बदली भई प्रदेश नं १, मधेस, वाग्मती, गण्डकी र लुम्बिनी प्रदेशका थोरै स्थानमा मेघगर्जन र चट्याङसहित हल्कादेखि मध्यम वर्षा भइरहेको छ। रातको समयमा देशका पहाडी भूभागमा सामान्यदेखि पूर्ण बदली रही बाँकी भूभागमा आंशिकदेखि सामान्य बदली रहने छ।

# एक हजारले घट्यो सुन

काठमाडौं, ५ साउन/रासस

सुनचाँदी बजारमा बिहीवार छापावाल सुनको मूल्य प्रतितोला रु एक हजारले ओरालो लागेर रु ९३ हजार तोकिएको छ। उक्त सुन अघिल्लो दिन प्रतितोला रु ९४ हजारमा कारोबार भएको थियो।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घले सार्वजनिक गरेको विवरण अनुसार आज तेजाबी सुनको मूल्य प्रतितोला रु ९२ हजार ५०० छ। उक्त सुनको मूल्य अघिल्लो दिन प्रतितोला रु ९३ हजार ५०० थियो।

त्यस्तै, आज चाँदीको मूल्य अघिल्लो कारोबार मूल्यको तुलनामा प्रतितोला रु १० ले घटेर रु एक हजार १५५ तोकिएको छ।

**मालपोत.........**

शुल्कबापत रु १० लाख ५८ हजार, रोक्का दस्तुरबापत रु दुई करोड ८५ लाख छ हजार, अन्य विविधबापत रु ३६ लाख १६ हजार र पूँजीगत लाभकरबापत रु १६ करोड ७४ हजार गरी रु ५१ करोड १३ लाख ७१ हजार राजस्व सङ्कलन गरेको छ।

त्यसैगरी, स्थानीय निकाय जीतपुरसिमरा उपमहानगरलाई रु १२ करोड २६ लाख ६१ हजार, कलैया उपमनपालाई रु ३० लाख तीन हजार, निजगढ नगरपालिकालाई रु दुई करोड ८६ लाख ३२ हजार, परवानीपुर गाउँपालिकालाई रु ८३ लाख ८६ हजार राहत वितरण तथा प्रदेश सञ्चिति कोषमा रु १५ करोड ६२ लाख ९१ हजार र 'बेटी बचाऊ बेटी पढाऊ' अभियान कोषमा रु एक करोड १२ लाख आठ हजार दाखिला गरिएको लेखापाल लम्सालले बताए।


## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की–१० |
| ३. डा. आनन्दकुमार झा | ०५१–५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. पन्नालाल पटेल | ९८५५०३४१५५ | सिद्धार्थ मेडिकल हल, नाउक्षे, वीरगंज |
| ५. डा. श्यामसुन्दर दास | | |
| ६. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१–५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१–५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की–१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१–५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१–५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र ९८४९४१११९६ नारायणी आयुर्वेद औषधालय, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१–५२१९२१ नाउक्षे अस्पताल, वीरगंज

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१–५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. मीता महर्जन झा, ९८५५०३५५६०, दसतल्ले भवनको गेटनजिक, बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३–५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ।
**सम्पर्क: बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०७२९५०६०**


# उद्योगमा लगानी : ६२ वर्षमा २६ खर्ब बढीको प्रस्ताव

काठमाडौं, ५ साउन/रासस

पछिल्लो छ दशकमा मुलुकको उद्योग क्षेत्रमा रु २६ खर्ब बढी लगानी भएको पाइएको छ। यसबाट सरकारले विशेषगरी उद्योग क्षेत्रको विकासमा ध्यान केन्द्रित गरेको र लगानीकर्ताले पनि लगानीको मात्रामा क्रमशः वृद्धि गर्दै गएको देखिन्छ। उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय मातहतको उद्योग विभागले सार्वजनिक गरेको पछिल्लो तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७८–०७९ सम्म उद्योग (विभिन्न क्षेत्रका उद्योगमा) मात्रै रु २६ खर्ब २७ अर्ब बढीको लगानी प्रस्ताव आएको उल्लेख छ।

नेपालमा विशेषगरी आर्थिक वर्ष २०१७–०१८ सालदेखि २०७८–०७९ सम्म आठ हजार ७६४ उद्योगका लागि उक्त परिमाणको लगानी प्रस्ताव आएको हो। तथ्याङ्क अनुसार हालसम्म दर्ता भएका उद्योगमध्ये सबैभन्दा धेरै लगानीको प्रस्ताव साना उद्योगमा रहेको छ।

विवरण अनुसार साना उद्योग ५ हजार ४४२, मझौला उद्योग २०१७ र ठूला उद्योग १,३०५ दर्ता भएका छन्। तथ्याङ्क अनुसार हालसम्म दर्ता भएका उद्योगले ६,५७,५०७ लाई रोजगार दिने उल्लेख गरिएको छ।

**एक वर्षमैं थपियो एक खर्ब ८७ अर्ब**

कोरोना महामारीपछि बिस्तारै स्वदेशी तथा विदेशी लगानीका उद्योगमा प्रतिबद्धता आउने क्रम बढ्न थालेको विभागका सम्बद्ध अधिकारीको भनाइ छ। विभागका सूचना अधिकारी पूर्णिमा उपाध्यायले कोरोनापछि उद्योगको सङ्ख्यासँगै लगानीमा समेत वृद्धि हुन थालेको जानकारी दिइन्। उनका अनुसार आव २०७७–०७८ को तुलनामा २०७८–०७९ मा स्वदेशी लगानीका उद्योगमा मात्रै रु दुई खर्ब बराबरको लगानी प्रतिबद्धता आएको छ।

आव २०७७–०७८ मा २०३ उद्योगका लागि रु एक खर्ब ५६ अर्ब बढीको लगानी प्रस्ताव आएकोमा आव २०७८–०७९ मा रु तीन खर्ब ४३ अर्ब ५५ करोड बढीको लगानी प्रस्ताव आएको छ। एक वर्षको अवधिमा रु एक खर्ब ८७ अर्ब बढीको लगानी प्रस्ताव आएको हो।

गत आव २०७८–०७९ मा ३०९ वटा उद्योग दर्ता भएकोमा ९१ वटा ठूला उद्योग, १०८ वटा मझौला र ११० वटा साना उद्योग दर्ता भएका छन्। आव २०७७–०७८ मा २०३ वटा उद्योग दर्ता भएका थिए।

**बढ्यो विदेशी लगानी**

विभागले सार्वजनिक गरेको तथ्याङ्क अनुसार विदेशी लगानी प्रतिबद्धतामा समेत वृद्धि भएको छ। एक वर्षको अवधिमा विदेशी लगानीका उद्योगमा रु २२ अर्ब आठ करोड बराबरको लगानी प्रतिबद्धता थपिएको हो।

आव २०७८–०७९ को एक वर्षको अवधिमा २९५ विदेशी लगानीका उद्योगमा रु ५४ अर्ब १५ करोड बढीको लगानी प्रतिबद्धता आएको छ। आव २०७७–०७८ मा १८४ उद्योगका लागि रु ३२ अर्ब सात करोड बराबरको लगानी प्रतिबद्धता आएको थियो। उद्योग विभाग स्थापना भएदेखि हालसम्म रु चार खर्ब १९ अर्ब बढीको विदेशी लगानी प्रतिबद्धता आएको छ।

**कुनमा उद्योगमा कति प्रतिबद्धता ?**

गत आवमा सबैभन्दा बढी विदेशी लगानी प्रतिबद्धता सेवामूलक क्षेत्रका उद्योगमा आएको छ। एक वर्षको अवधिमा ९७ सेवामूलक क्षेत्रका उद्योगमा मात्रै रु २७ अर्ब २९ करोड ८१ लाख बढीको लगानी प्रतिबद्धता आएको देखिन्छ।

सेवामूलकपछि सबैभन्दा धेरै लगानी प्रतिबद्धता पर्यटन क्षेत्रमा आएको छ। सेवामूलक क्षेत्रका उद्योगभन्दा पर्यटन क्षेत्रका उद्योगको सङ्ख्या धेरै भए तापनि सेवामूलक क्षेत्रका उद्योगमा बढी लगानी प्रतिबद्धता आएको छ।

विभागको तथ्याङ्क अनुसार पर्यटन क्षेत्रमा १२४ उद्योगका लागि रु १९ अर्ब ६० करोड १५ लाख बढीको प्रतिबद्धता आएको हो। यस्तै कृषि क्षेत्रमा चार उद्योगका लागि रु साठी करोड, ऊर्जा क्षेत्रमा एक उद्योगका लागि रु दश करोड ६२ लाख, सूचना प्रविधि क्षेत्रमा छ उद्योगका लागि रु ४७ करोड, पूर्वाधार क्षेत्रका आठ उद्योगका लागि रु एक अर्ब ७२ करोड ४० लाख र उत्पादनमूलक क्षेत्रका ५१ उद्योगका लागि रु आठ अर्ब १४ करोड बराबरको प्रतिबद्धता आएको हो।

लगानी प्रतिबद्धतासँगै स्वदेशी लगानीका उद्योगले २८ हजार ५२७ र विदेशी लगानीका उद्योगले १६ हजार ९१९ गरी ४५ हजार ३४६ लाई रोजगार दिने प्रतिबद्धता जनाएका छन्।

**स्वदेशी लगानीका ३०९ उद्योग दर्ता**

विभागको तथ्याङ्क अनुसार एक वर्षको अवधिमा स्वदेशी लगानीमा ३०९ वटा उद्योग दर्ता भएका छन्। एक वर्षको अवधिमा विभागमा दर्ता भएका उद्योगमध्ये सबैभन्दा धेरै लगानी प्रस्ताव ऊर्जा क्षेत्रका उद्योगमा आएको छ।

ऊर्जामूलक क्षेत्रका ५० वटा उद्योगमा रु एक खर्ब ७० अर्ब ७६ करोड ७४ लाख ७३ हजार बराबरको लगानी प्रस्ताव आएको हो। यस्तै ऊर्जापछि सबैभन्दा धेरै लगानी प्रतिबद्धता सेवामूलक क्षेत्रका उद्योगमा आएको छ। एक वर्षको अवधिमा ११५ सेवामूलक क्षेत्रका उद्योग दर्ता हुँदा झन्डै रु ९० अर्ब बराबरको लगानी प्रतिबद्धता आएको छ।

पर्यटन क्षेत्रका ५८ उद्योगमा रु साढे २६ अर्ब, सेवामूलक क्षेत्रका ४६ उद्योगका लागि रु पौने ४७ अर्ब, कृषि क्षेत्रमा २१ उद्योगका लागि रु ५,२८,९० ९९,००० सूचना प्रविधि क्षेत्रमा ११ उद्योगका लागि रु १ अर्ब ८९ करोड ८५ लाख, पूर्वाधार क्षेत्रका पाँच उद्योगका लागि रु दुई अर्ब २७ करोड ९१ लाख र दुईवटा खनिज उद्योगका लागि रु २५ करोड ९९ लाख बराबरको लगानी प्रतिबद्धता आएको हो।

# अन्तर्राष्ट्रिय समाचार

## भारतमा एक्काइस हजारभन्दा बढी कोरोना सङ्क्रमित



तस्वीरः सिन्ह्वा

नयाँ दिल्ली, ५ साउन/सिन्ह्वा

भारतमा बितेको २४ घण्टामा २१,५६६ सङ्क्रमित फेला परेका केन्द्रीय स्वास्थ्य र परिवार कल्याण मन्त्रालयले बिहीवार जनाएको छ ।

हाल भारतमा कोरोना सङ्क्रमितको सङ्ख्या ४ करोड ३८ लाखभन्दा बढी पुगेको छ। भारतमा हाल एक लाख ४८ हजार आठ सय ८१ जना सक्रिय सङ्क्रमित छन् ।

पछिल्लो एक दिनमा १८,२९४ जना कोरोना सङ्क्रमणमुक्त भएका छन् । योसँगै सङ्क्रमणमुक्त हुनेको सङ्ख्या ४,३१,००,४३४ पुगेको छ ।

कोरोना महामारीबाट हालसम्म ५२६ हजारभन्दा बढीको मृत्यु भएको छ । महामारी शुरू भएयता हालसम्म ८६ करोड ८९ लाखभन्दा बढीको कोरोना परीक्षण भएको छ ।

भारतमा सन् २०२१, जनवरी १६ देखि कोरोना भाइरसविरुद्ध खोप अभियान शुरू भएको हो । हालसम्म कोरोनाविरुद्ध दुई अर्ब ९१ लाख मात्रा भन्दा बढी खोप लगाइएको छ ।

यसैबीच पाकिस्तानमा पछिल्लो २४ घण्टामा ५९९ कोभिड–१९ का थप सङ्क्रमित थपिएका स्वास्थ्य मन्त्रालयले बिहीवार जानकारी दिएको छ ।

यसैसँग कुल सङ्क्रमितको सङ्ख्या १५,४८,३९४ पुगेको छ । पाकिस्तानमा कोभिड–१९ बाट ३०,४५५ जनाको मृत्यु भएको छ भने बुधवार थप तीनजनाको मृत्यु भएको छ ।

**कोरियामा एक दिनमा ७१ हजारभन्दा बढी सङ्क्रमित**

सोल/सिन्ह्वा

दक्षिण कोरियामा बितेको २४ घण्टामा बुधवार मध्यरातसम्म ७१ हजार १७० जना कोभिड–१९ बाट सङ्क्रमित भएका छन् ।

योसँगै देशमा कोरोना सङ्क्रमितको सङ्ख्या एक करोड ९० लाख नौ हजार ९८० पुगेको स्वास्थ्य अधिकारीले जानकारी दिएका छन् ।

कोरिया डिजिज कन्ट्रोल एन्ड प्रिभेन्सन एजेन्सीका अनुसार अघिल्लो दिन ७६ हजार ४०२ जना सङ्क्रमित फेला परेका थिए । गम्भीर अवस्थामा रहेका सङ्क्रमितको सङ्ख्या १०३ पुगेको छ ।

सङ्क्रमणबाट मङ्गलवार १७ जनाको मृत्यु भएको छ भने हालसम्म २४ हजार ७९४ जनाले यो महारोगबाट ज्यान गुमाइसकेका छन् । रासस

## प्रचण्ड गर्मीका कारण स्पेनमा एकै हप्तामा ६७९ जनाको मृत्यु

म्याड्रिड, ५ साउन/सिन्ह्वा

स्पेनमा प्रचण्ड गर्मीका कारण तातो हावा चल्दा एक हप्तामैं ६७९ जनाको मृत्यु भएको छ । स्पेनको स्वास्थ्य मन्त्रालयले दिएको जानकारी अनुसार जुलाई १० देखि १७ सम्म ६७९ जनाको ज्यान गएको छ ।

स्वास्थ्य मन्त्रालयका अनुसार जुलाई १७ एकै दिन १६९ जनाको तातो हावाबाट ज्यान गएको बताइएको छ ।

यहाँको एक स्वास्थ्य संस्थाले गरेको अनुसन्धानबाट तातो हावाबाट सबैभन्दा धेरै ज्येष्ठ नागरिकहरूको ज्यान गएको छ ।

सो संस्थाले गरेको अनुसन्धानबाट बुधवारसम्म ज्यान गएका ६७९ मध्ये ४३० जना ८५ वर्षभन्दा माथिका नागरिक देखिएका छन् । देशका विभिन्न भागको तापक्रम ४५ डिग्री सेल्सियससम्म पुगेको बताइएको छ र गर्मीका कारण मानिसको ज्यान जाने क्रम रोकिएको छैन ।



तस्वीरः पीटिआई

यहाँका स्वास्थ्य अधिकारीहरूले गर्मी अझै बढ्ने अनुमान गरिएको जनाएका छन् ।

उनीहरूका अनुसार तातो हावाबाट ज्यान जानेको सङ्ख्या अझ बढ्न सक्ने सम्भावना छ । रासस


## हिंसात्मक हमलाको संयुक्त राष्ट्रसङ्घद्वारा निन्दा

बगदाद, ५ साउन/सिन्ह्वा

इराकको एक रिसोर्टमा भएको हिंसात्मक हमलाको संयुक्त राष्ट्रसङ्घले निन्दा गरेको छ ।

इराकको डुहोक प्रान्तको एक रिसोर्टमा बुधवार भएको हिंसात्मक हमलाको इराकका लागि संयुक्त राष्ट्रसङ्घीय मिशनले निन्दा गरेको छ ।

सो रिसोर्टमा भएको हमलामा परी नौजनाको ज्यान गएको थियो भने अरू २३ जना घाइते भएका थिए । ती सबै जना पर्यटक रहेका इराकको गृह मन्त्रालयले जानकारी दिएको छ। इराकी सरकारी समाचार समितिका अनुसार इराकका लागि संयुक्त राष्ट्रसङ्घीय मिशनले एक विज्ञप्ति प्रकाशन गरेर सो हमलाको निन्दा गरेको जनाएको छ ।




सो मिशनले प्रकाशन गरेको विज्ञप्तिमा उक्त हिंसात्मक हमलाको अनुसन्धान गरी दोषीमाथि कारबाई गर्न पनि माग गरेको छ। हिंसात्मक हमलाहरू तत्कालै रोक्न भन्दै सो विज्ञप्तिमा नागरिकको बाँच्ने अधिकारको सम्मान गर्न पनि माग गरिएको छ । रासस

**वीरगंज महानगरपालिकाको सूचना**

घर निर्माण गर्दा निर्धारित मापदण्डको पालना गरौं,
शहरको सौन्दर्यीकरणमा सहयोग गरौं ।

वीरगंज महानगरपालिका कार्यालय

### आजको राशिफल

| | |
|---|---|
| मेष – सुयश | वृष – खर्चवृद्धि |
| मिथुन – मनोरञ्जन | कर्कट – सफलता |
| सिंह – अलमल | कन्या – वादविवाद |
| तुला – व्यापारवृद्धि | वृश्चिक – शत्रुभय |
| धनु – कार्यनाश | मकर – भयचिन्ता |
| कुम्भ – मित्रमिलन | मीन – कान्तिक्षय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

**रानीघाट–पोखरिया बस समिति**

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

## वैदेशिक रोजगारबाट फर्केकाहरूलाई निश्शुल्क तालीम

प्रस, वीरगंज, ५ साउन/

वैदेशिक रोजगारबाट फर्केर बसेका व्यक्तिहरूका लागि वेटर र वेट्रेसका लागि एक महीने तालीम शुरू भएको छ ।




तस्वीरः प्रतीक

युएनडिपीको आर्थिक सहयोगमा कृएटिभ स्किल्स प्रालिको आयोजनामा वीरगंजमा बुधवारदेखि एक महीने निश्शुल्क तालीम शुरू भएको हो ।

वीरगंज महानगरपालिकाका उपप्रमुख इम्तियाज आलमले तालीमको उद्घाटन गर्दै विदेशबाट फर्किएर बसेकाहरूको क्षमता तथा सीप विकासमा तालीमबाट टेवा पुग्ने बताए ।

उनले महानगरपालिकाले आगामी दिनमा विदेशबाट फर्किएकाहरूलाई लक्षित गरी विभिन्न सीपमूलक तालीमको व्यवस्थापन गर्ने जानकारी गराए ।

कार्यक्रममा एनवाइएफका पूर्वसंयोजक अनुप अग्रवालले तालीमले सहभागीहरूको सीप विकासमा मदत र आर्थिक अवस्थामा सकारात्मक सुधार ल्याउने विश्वास व्यक्त गरे । उनले तालीमपश्चात् सहभागीहरूलाई वेटर, वेट्रेसको जागीरमा व्यवस्थापन गर्न सहयोग पुऱ्याउने बताए ।

युएनडिपी स्किल्सकी सुनिला बानियाँ र मञ्जरी पौडेलले तालीमको उद्देश्यबारे प्रकाश पारेका थिए भने क्रिएटिभ स्किल्सकी कार्यक्रम संयोजक राधा हमालले स्वागत मन्तव्य व्यक्त गरेकी थिइन् ।

क्रिएटिभ स्किल्स प्रालिका कार्यकारी निर्देशक राकेश साहले १७ वर्षदेखि सीपविकास सम्बन्धी तालीम दिंदै आएको बताए ।

उनले सीप नभएर बेरोजगार बसेकाहरूलाई क्षमता अनुसारको सीप विकास तालीम दिएर रोजगारको अवसरमा सहजीकरण गरेको बताए । उनले संस्थाले हालसम्म एक हजार ८०० जति मानिसलाई सीपमूलक तालीम प्रदान गरेको र अधिकाशंले आफ्नो व्यवसाय वा रोजगार गरेर बसेको जानकारी दिए ।

कार्यक्रमको सञ्चालन संस्थाका कार्यक्रम संयोजक हितमान विकले गरेका थिए । तालीम एक महीनासम्म चल्ने राधा हमालले जानकारी दिइन् ।

## मधेस प्रदेशमा पुनः कोरोना सङ्क्रमण बढ्दै

जनकपुरधाम, ५ साउन/रासस

मधेस प्रदेशमा पछिल्लो केही दिनदेखि कोरोना सङ्क्रमण पुनः बढ्न थालेको भन्दै धनुषा प्रशासनले सतर्क रहन अपिल गरेको छ । असार महीना अन्तिम सातासम्म मधेस प्रदेशमा शून्य रहेको कोरोना सङ्क्रमण पुनः बढ्न थालेको भन्दै जिल्ला प्रशासन कार्यालय, धनुषाले आज सूचना जारी गरी सतर्क रहन अपिल गरेको हो ।

हाल कोभिड–१९ को सङ्क्रमण दर बढिरहेकोले मास्क लगाएर मात्र हिंड्न, विनाकाम भीडभाडमा नजान, सङ्क्रमणको शङ्का भए तुरून्त परीक्षण गर्न र बुस्टर डोज बाँकी रहेका सबैलाई नजीकैको स्वास्थ्य संस्थामा गएर बुस्टर डोज लगाउन जिल्ला प्रशासन कार्यालय, धनुषाका सहायक प्रमुख जिल्ला अधिकारीद्वारा जारी सूचनामा उल्लेख छ ।

मधेस प्रदेश स्वास्थ्य निर्देशनालय सपही धनुषाका अनुसार पछिल्लो २४ घण्टामा प्रदेशमा छजना कोरोना सङ्क्रमित पाइएका छन् ।

यस अघि गत मङ्गलवार पनि मधेस प्रदेशमा चारजनामा कोरोना सङ्क्रमण



तस्वीरः फाइल/प्रतीक

पुष्टि भएको थियो ।

योसँगै मधेस प्रदेशमा कोरोनाका सक्रिय सङ्क्रमितको सङ्ख्या ४० पुगेको स्वास्थ्य निर्देशनालयले जारी गरेको प्रेस विज्ञप्तिमा उल्लेख छ। त्यसैगरी, पर्साको वीरगंज भन्सार नाका, सिरहाको माडर नाका, रौतहटको गौर नाका र महोत्तरीको भिठामोठ नाकामा २०३ जनाको एन्टिजेन परीक्षण गर्दा कोरोना सङ्क्रमण नभेटिएको निर्देशनालयले जनाएको छ ।

अहिलेसम्म मधेस प्रदेशमा कोरोना सङ्क्रमितमध्ये ९७.४ प्रतिशत निको भई घर फर्केका छन् भने २.५६ प्रतिशत कोरोना सङ्क्रमितको मृत्यु भएको निर्देशनालयले जनाएको छ ।

## थप ४३५ जनामा सङ्क्रमण पुष्टि

काठमाडौं, ५ साउन/रासस

पछिल्लो समय ४३५ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार तीन हजार ५६९ जनामा गरिएको परीक्षणमा बिहीवार देशभर सो सङ्ख्यामा सङ्क्रमण पुष्टि भएको हो ।

हाल सक्रिय सङ्क्रमितको सङ्ख्या दुई हजार ५३७ छन्। विगत २४ घण्टामा ५६ जना सङ्क्रमणमुक्त भएका छन् ।

काठमाडौं जिल्लामा ५०० बढी सङ्क्रमित रहेको पाइएको मन्त्रालयले जनाएको छ। आठ जिल्लामा शून्य सङ्क्रमित रहेका छन् ।

हाल होम आइसोलेशनमा दुई हजार ३९६, संस्थागत आइसोलेशनमा १४१ र सघन उपचार कक्ष (आइसियू)मा १९ जनाको उपचार भइरहेको छ ।



**जयनगरदेखि............**

लोहारपट्टि, बलवा, भङ्गाहा, पिपरा क्षेत्रका स्थानीयवासीमा खुशियाली छाएको छ । रेलसेवाले आफ्नो सेवा विस्तार गरेर बिजलपुरासम्म पुऱ्याउने भएपछि त्यस क्षेत्रका जनतामा खुशियाली छाएको छ ।

उक्त क्षेत्रका कृषि उपज सोझै जनकपुरधामका साथै भारतीय बजारसम्म पुऱ्याउन सकिने आस जागेको किसान बताउँछन् । विसं १९९४ जुद्धशम्शेरका पालामा शुरू भएको न्यारोगेजको बिजलपुरा–जनकपुर–जयनगर ५२ किमी रेलमार्ग विसं २०५८ मा बाढीले बिग्हीपुल (लोहारपट्टि, महोत्तरी) भत्काएपछि जनकपुर–जयनगर ३५ किलोमिटरमा सीमित भएको थियो र पछि उक्त सेवा पनि बन्द भएको थियो ।

भारत सरकारको रु सात अर्ब २० करोडको आर्थिक सहयोगमा ब्रोडगेज रेलवे विस्तारको सन् २०१९ भित्रै रेल सञ्जाल विस्तारको निर्माण काम सम्पन्न गरिने प्रारम्भिक लक्ष्य लिएको थियो । राजनीतिक उतारचढाव, भेलबाढी र जग्गा मुआवजा निर्धारणमा भएको ढिलाइले समयमा काम सम्पन्न गर्न नसकिएको रेल विभागले जनाएको छ।

नेपालमा पहिलो रेलसेवा विसं १९८४ मा चन्द्रशम्शेरका पालामा रक्सौल–अमलेखगंज शुरू भएको थियो। अहिले जयनगर–जनकपुरसम्म सञ्चालन भइरहेको नेपाली रेल, २०७७ असोज २ गते भारतीय रेलवे कम्पनी कोंकणले कर्पोरेशनसँग रु ८४ करोड ६५ लाखमा दुई सेट 'डेमो ट्रेन' (डिजेल इलेक्ट्रिक मल्टिपल युनिट) खरीद गरी ल्याइएको हो। यस रेलमा एक हजार ३०० जनासम्म यात्री बसेर तथा उभिएर यात्रा गर्न सक्ने क्षमता रहेको छ भने यात्रीवाहक रेल भएकाले यात्रीको झोला र सामान्य सामान मात्रै राख्न सकिनेछ। अब यही रेल जयनगरदेखि बिजलपुरासम्म सञ्चालन हुने भएको छ ।

# कारका दुईवटै टायर एकैपटक पन्चर, मानिस सकुशल

प्रस, निजगढ, ५ साउन/

बर्दिबासबाट भक्तपुर जान गुडेको कार दुर्घटना हुँदा कारमा सवार पाँचजना सकुशल छन्। गुडिरहेको बा.७च २९१७ नम्बरको कारको पछाडिका दुईवटै टायर एकैसाथ पन्चर भएपछि पूर्व–पश्चिम राजमार्गको निजगढ सडकखण्ड अन्तर्गत द्रुतमार्ग र आरसिसी पुलको बीच सडकमा सो कार बिहीवार बिहान १० बजे दुर्घटना भएको हो । जिल्ला ट्राफिक प्रहरी कार्यालय, निजगढले द्रुत गतिका कारण दुर्घटना भएको जनाएको छ। द्रुत गतिमा रहेको सो कार प्रतिघण्टा ८०–८५ किलोमिटरको गतिमा गुडिरहेको सो कारका चालक भक्तपुर–४ सूर्यविनायकका अनिश न्यौपानेले नै बताए। "एकैपटक दुईवटै चक्का पन्चर भएछ। कार अनियन्त्रित भएपछि आफूले ह्यान्ड ब्रेक तान्दा सडकको पिचमा नै कार पाँच/सात पटक सेलरोटी जसरी घुमेको थाहा छ। त्यसपछि एकछिन केही थाहा भएन । त्यस बेलासम्म छ/सात बल्डयाङ खाँदै कारसँगै सडकबाट हामी तल वनक्षेत्रको झाडीमा खसिसकेका रहेछौं," चालक न्यौपानेले घटना सम्झँदै बताए ।



दुर्घटनामा क्षतिग्रस्त कार । तस्वीरः प्रतीक

"भगवान्ले ठूलै हात थाप्नुभयो र हामीहरू पाँचैजना सकुशल छौं," सोही कारमा सवार सुनीता बजगाईंले बताइन्। "सपना जस्तै लागिरहेको छ । अहिले कारको क्षति हेर्दा कसरी बाँचेछौं जस्तो लाग्छ," सोही कारमा सवार अर्की एक महिलाले थपिन् ।

"कारको अगाडिको भाग पूर्णरूपमा क्षतिग्रस्त छ । केही मोबाइलहरू सडकछेउको झाडीमा झरेको रहेछ। एक थान सामसङ मोबाइल सेट र कारको ब्लूबूक हराएको छ । अरू भने फेला परी सुरक्षाकर्मीहरूले बुझाउनुभयो," चालक न्यौपानेले भने । घटनास्थलमा द्रुत मार्गका लागि जीरो किलोमिटरमा खटिएका नेपाली सेना, ट्राफिक प्रहरी, नेपाल प्रहरी, सशस्त्र प्रहरी र केही मानिसहरू उद्धारका लागि घटनास्थल पुगेका थिए ।

# एमालेद्वारा जीराभवानी गापामा ज्ञापन

प्रस, सेढवा, ५ साउन/

नेकपा एमाले जीराभवानी गाउँपालिका कमिटीले विभिन्न मागसहित गरेको र जग्गा खरीदबापत चालू आवमा रु ४० लाख बजेट विनियोजन गरेकोमा आपत्ति जनाएको छ ।



तस्वीरः प्रतीक

गापा अध्यक्ष अनोज चौधरीलाई ज्ञापनपत्र बुझाएको छ ।

एमाले गापा कमिटीका सचिव कुनाल महतो थारू नेतृत्वको टोलीले अध्यक्ष चौधरीलाई ज्ञापनपत्र बुझाएको हो । ज्ञापनपत्रमा जनप्रतिनिधिहरूले करार सेवामा कार्यरत कर्मचारीसँग दुर्व्यवहार गरेको, यसअघिको नेतृत्वले गापा भवन निर्माणको लागि सार्वजनिक जग्गा उपलब्ध गराएकोमा सो निर्णय खारेज

सार्वजनिक जग्गामा भवन निर्माण गर्ने निर्णयविपरीत ठूलो रकम जग्गामा खर्च गर्ने नियत अनियमितताको सूचक भएको भन्दै सो कार्य रोकी पूर्ववत् निर्णय कार्यान्वयन गर्न आग्रह गरिएको छ ।

यसैगरी, किसानहरूलाई रासायनिक मल उपलब्ध गराउनुपर्ने, करारमा नियुक्त कर्मचारीहरूलाई कार्यदक्षताका आधारमा प्रोत्साहन गर्नुपर्ने, स्वयंसेविकालाई मनपरी तरीकाबाट हटाउनु नहुने ज्ञापनपत्रमा उल्लेख छन् । त्यस्तै, प्रदेश सरकारबाट विनियोजित बजेटबाट विनाडन्डी ढलान गरेर अनियमितता गर्न खोजिएको आरोप पनि लगाइएको छ ।

ज्ञापनपत्रमा उठाइएका मागहरूको निराकरण गर्न र नगरे एमालेले कडा प्रतिकार गर्ने चेतावनी दिइएको छ । ज्ञापनपत्र बुझाउने क्रममा नेकपा एमालेको टोलीमा पूर्वउपाध्यक्ष उषादेवी थरुनी, पूर्ववडाध्यक्ष उमेशकुमार सिंहलगायतको सहभागिता थियो ।

# बार एशोसिएशन, रौतहटको अध्यक्षमा साह

प्रस, रौतहट, ५ साउन/

रौतहट जिल्ला बार एशोसिएशन जिल्ला समितिको अध्यक्षमा नन्दकिशोर साह निर्विरोध निर्वाचित भएका छन् । नवगठित समितिको उपाध्यक्ष रामविनोदप्रसाद पटेल, सचिव रमेशकुमार यादव र कोषाध्यक्षमा अनोजकुमार यादव निर्विरोध निर्वाचित भएको निर्वाचन अधिकृत रामबहादुर दासले बताएका छन्। त्यस्तै, सदस्यहरूमा मोहम्मद अतिकुर रहमान, सुरेशप्रसाद श्रीवास्तव, सबुरीलाल ठाकुर, शेख मैनुद्दीन, अच्युतबहादुर क्षेत्री निर्वाचित भएको प्रमुख निर्वाचन अधिकृत मोहम्मद मजरूल हकले बताए ।

यसैगरी, पार्षद्मा महेन्द्र दास, निकुन्तनारायण झा, रम्भु महतो निर्वाचित भएको बताइएको छ ।


## दूषित पानीका कारण हुने रोगप्रति सजग रहौं

फोहर पानीले झाडापखाला, हैजा, टाइफाइड, आउँ, जन्डिसजस्ता रोगहरू लाग्न सक्छन् ।

त्यसैलेः

- खोला, धारा वा मूलको पानी सीधैं नपिऔं ।
- पानी उमालेर वा शुद्धीकरण गरेर मात्र पिऔं ।
- पानीलाई पियुष, अक्वाटचाब्स वा क्लोरिनजन्य कुराहरू हालेर शुद्धीकरण गरौं ।
- पिउने पानीलाई सफा भाँडामा छोपेर राखौं र सफा भाँडाले पानी झिक्ने गरौं ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**


# छजना साइबर सञ्चालक पक्राउ

प्रस, वीरगंज, ५ साउन/

जिल्ला प्रशासन कार्यालय, पर्साले सेवाग्राहीलाई ठगेको आरोपमा बिहीवार छजनालाई पक्राउ गरेको छ ।

जिल्ला प्रशासन कार्यालय, पर्साले कार्यालयवरिपरि रहेका साइबर सञ्चालकहरूले जिल्ला प्रशासन कार्यालयबाट जारी हुने राहदानी, राष्ट्रिय परिचयपत्र फाराम आदिको फाराम भर्दा सेवाग्राहीसँग अत्यधिक रकम लिएर ठगी गरेको गुनासोको आधारमा आज छजना साइबर सञ्चालकलाई पक्राउ गरेको हो।

प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालले सेवाग्राहीसँग न्यूनतम शुल्क लिन बारम्बार सचेत गराइएकोमा अटेर गरेर साइबर सञ्चालकहरूले प्रतिसेवाग्राही रु तीन हजारसम्म लिएको गुनासोसहितको उजूरी परेपछि बिहीवार छजनालाई पक्राउ गरी आवश्यक कारबाई शुरू गरिएको बताए ।

उनले पक्राउ परेकाहरूलाई वडा प्रहरी कार्यालय, बिर्तामा राखिएको र कसूर अनुसारको सजाय गरिने बताए ।

साइबर सञ्चालकहरूलाई राहदानी, राष्ट्रिय परिचयपत्रको आवेदन भरेबापत अधिकतम रु १५० लिन भनिएको तर सोविपरीत उनीहरूले सेवाग्राहीसँग बढी रकम लिने गरेको पाइएपछि कारबाई अगाडि बढाएको जानकारी गराएइको हो ।

# एसइईको नतीजा साउन १० गते

भक्तपुर, ५ साउन/रासस

राष्ट्रिय परीक्षा बोर्डले यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसइई)को शिक्षकशिक्षिका निर्वाचनमा खटिएकाले उत्तरपुस्तिका परीक्षणमा पनि केही ढिला हुँदा नतीजा सार्वजनिक गर्न पनि केही




तस्वीरः प्रतीक

नतीजा साउन १० गतेभित्र सार्वजनिक गर्ने तयारी गरेको छ । बोर्डका अध्यक्ष डा महाश्रम शर्माले एसइई परीक्षाको नतीजा सार्वजनिक गर्नका लागि आवश्यक काम तीव्ररूपमा भइरहेको जानकारी दिए। उनले नतीजामा प्राविधिकरूपमा कुनै समस्या नआओस् भनेर विद्यार्थीको विवरणहरू रुजू गर्ने कार्यलाई कडाइका साथ निगरानी गरिरहेको उनले बताए।

अध्यक्ष डा शर्माले भने, "विगतमा नतीजा सार्वजनिक भएपछि कहिले जन्म मिति, कहिले अङ्क, त कहिले के गलती भयो भन्दै सच्याउन आउनेको भीड हुन्थ्यो, त्यसलाई मध्यनजर गर्दै बरु केही दिन नतीजा ढिला होस् तर नतीजा सार्वजनिक भएपछि सकेसम्म विद्यार्थीले विभिन्न विवरण सच्याउन फेरि धाउन नपरोस् भनेर यसपटक अलि कडाइका साथ विवरण रुजू गर्ने कार्य भइरहेको छ ।"

उनले सबै विवरण रुजू गरेर अन्तिमपटक पुनः जाँच गरेपछि आउँदो साताको शुरूमैं नतीजा सार्वजनिक गर्ने गरी तयारी गरेको बताए। स्थानीय तहको निर्वाचनका कारणले पनि केही दिन नतीजा पर धकेलिएको उनको भनाइ छ।

शिक्षाका कर्मचारीदेखि उत्तरपुस्तिका परीक्षणको जिम्मेवारी पाएका दिन ढिलाइ हुन गएको उनको भनाइ छ । डा शर्माले भने, "हाम्रो लक्ष्यभन्दा केही दिन नतीजा ढिलो भएपनि शैक्षिक सत्रलाई असर पर्ने गरी ढिला हुँदैन, हामी नतीजा सार्वजनिक गर्ने अन्तिम तयारीमैं छौं, आउँदो साताको शुरूमैं नतीजा सार्वजनिक गर्ने तयारीमा छौं ।"

एसइई (कक्षा १०)का परीक्षा नियन्त्रक अर्जुन रायमाझीले नतीजा सार्वजनिक गर्ने अन्तिम तयारीमा रहेको बताउँदै कुनै समस्या नआए १० गतेभित्र र अन्यथा १२ गतेसम्म नतीजा सार्वजनिक गर्छौं भने । अहिले उत्तरपुस्तिका परीक्षणको काम सम्पन्न गरी संपरीक्षणको कामसमेत अन्तिम चरणमा पुगेको जानकारी दिँदै उनले कम्प्युटरमा इन्ट्री गर्ने, रुजू गर्नेलगायत काम भइरहेको जानकारी दिए ।

कोरोनाका कारण दुई वर्ष आन्तरिक मूल्याङ्कनबाट नतीजा सार्वजनिक भएपनि यस वर्ष बोर्डले विद्यार्थीको भौतिक उपस्थितिमैं गत वैशाख ९ देखि २० गतेसम्म परीक्षा सञ्चालन गरेको थियो। दुई हजार सातवटा परीक्षा केन्द्रबाट ११ हजार ६१५ विद्यालयका दुई लाख ५७ हजार ९२४ छात्रा र दुई लाख ५७ हजार ५३ छात्र गरी पाँच लाख १४ हजार ९७७ परीक्षार्थीले परीक्षा दिएको परीक्षा नियन्त्रक रायमाझीले जानकारी दिए ।

# सवारी दुर्घटनामा दुईजनाको मृत्यु

प्रस, सिम्रौनगढ, ५ साउन/

पर्सा र बारामा सवारी दुर्घटनामा दुईजनाको मृत्यु भएको छ । सिम्रौनगढ




तस्वीरः फाइल

नगरपालिका–४ गङ्गानगर निवासी कपिलदेव पडितका १२ वर्षीय छोरा दीपेश पडितको हिजो दिउँसो मोटरसाइकलबाट लडेर मृत्यु भएको थियो ।

स्थानीय अभिनन्दन शर्माले चलाएको मोटरसाइकलको पछाडि बसेका दीपेश मोटरसाइकल अनियन्त्रित भएर लड्दा घाइते भएका थिए र उपचारको क्रममा उनको न्युरो अस्पताल, वीरगंजमा गएराति मृत्यु भएको प्रहरीले जनाएको छ । मोटरसाइकल चालक शर्मा फरार छन्।

यसैगरी, वीरगंज महानगरको सुक्खा बन्दरगाह क्षेत्रमा बिहीवार दिउँसो ट्रकको ठक्करबाट एकजना ज्येष्ठ नागरिकको मृत्यु भएको छ। वीरगंज–२४ निवासी ७० वर्षीय शिवदयाल राउत अहिरको मृत्यु भएको प्रहरी उपरीक्षक रमेश बस्नेतले बताए । नम्बर खुल्न नसकेको ट्रकको ठक्करबाट वृद्ध अहिरको मृत्यु भएको र ट्रक फरार भएको बताउँदै प्रउ बस्नेतले खोजी कार्य जारी रहेको बताएका छन् । दुर्घटनाबाट अहिरको मृत्यु भएपछि उनका परिवारजनले टायर बालेर प्रदर्शन गरेका थिए । प्रदर्शनको केही क्षणपछि मुसलधारे पानी परेपछि प्रदर्शनकारीहरू हटेका थिए ।

## सुक्खा बन्दरगाह....

करोड जरिवाना गर्ने तयारी गरेपछि अहिलेसम्म आयातकर्ता सम्पर्कमा नआएको बताइएको छ। कानूनी प्रक्रिया अनुसार निजविरुद्ध कारबाई प्रक्रिया अगाडि बढाइएको र सम्पर्कमा आउनासाथ अथवा पक्राउ परेको खण्डमा कानून बमोजिम कारबाई हुने प्रवक्ता न्यौपानेले बताए ।


Make your stay with us is a

*memorable experience*



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA

Exhilarating Hospitality

Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,